# राजस्व सुधार कार्ययोजना  प्रतिवेदन २०७८

## मल्लरानी गाउंपालिका

<u>पेश गर्ने निकाय</u>

# प्रदेश प्रशिक्षण प्रतिष्ठान

**लुम्बिनी प्रदेश, नेपालगंज**

<u>तयार गर्ने</u>

## फूलमुन मिडिया प्रालि, अनामनगर, काठमांडौ

# प्राक्कथन

विकेन्द्रित राज्य प्रणाली संघिय राज्यका साथसाथै एकल राज्यमा समेत विश्वभर लोकप्रिय रहेको छ । नयां संविधानको कार्यान्वयन पश्चात नेपालमा समेत स्थानीय तहहरुले कार्यपालिका, व्यवस्थापिका अधिकार सम्पन्न र न्यायिक निरोपण समेत अधिकार पाएका छन् । स्थानीय तहले श्रोतको परिचालन र खर्चहरुको प्राथमिकिकरण समेत गर्न पाउने विशेष अधिकार रहेको छ । राज्यका पुनरसंरचना भएको पांच वर्षको अभ्यास समेत भै नयां निर्वाचन समेत सम्पन्न भएको छ । पांचवर्षसम्म स्थानीय तहले अत्यावश्यक कानूनी संरचना, भौतिक संरचना, प्रकृयागत अवस्थामा आवश्यक गरेको देखिन्छ । स्थानीय तहहरुले प्रशासनिक खर्चहरु आन्तरिक श्रोतबाट व्यवस्थापन गर्नुपर्ने केन्द्रिय नीति समेत रहेको देखिन्छ । यसका लागि कर तथा गैरकरको क्षेत्रबाट आन्तरिक श्रोतको व्यवस्थापन गर्ने प्रयास गरेको देखिन्छ । संविधानिक व्यवस्था, संघिय सरकारले जारी गरेका ऐन नियम तथा निर्देशनको आधारमा समेत कर तथा गैरकर सम्बन्धी व्यवस्थाहरु गर्नुपर्ने र करका व्यवस्था गर्दा करका सिद्धान्तहरु समेतको परिपालना गर्नुपर्ने यस क्षेत्रका विद्वानहरुको राय रहेको छ ।

स्थानीयतहहरुले कार्यान्यिन गरेको करका नीति, आधार तथा करको दरमा भए गरेका व्यवस्थाको सर्न्दभमा पुनरावलोकनका लागि प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्बिनीको आर्थिक तथा प्राविधिक सहयोगमा यो पुनरावलाकन प्रतिवेदन तयार गरिएको छ । यो सम्बन्धमा आवश्यक राय सुझाव दिने राष्ट्रिय सभाका माननीय सदस्य डा.खिमलााल देवकोटा, कर विज्ञ डा रुप खड्का, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष श्री बालानन्द पौडेल, अर्थ मन्त्रालयका उपसचिव श्री कपिल सुवेदी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव दशरथ ओड प्रति आभार व्यक्त गर्दछु । प्रस्तुत अध्ययनमा निकै चासोका साथ आवश्यक सहयोगका सहयोगका लागि प्यूठान मल्लरानी गाउंपाकिलाका अध्यक्ष श्री कृष्ण बहादुर खड्का, उपाध्यक्ष श्री रमेश श्रेष्ठ, प्रमुख प्रशासकिय अधिकृत श्री बलकृष्ण थापा, लेखा अधिकृत श्री कमानसिंह केसी राजस्व शाखा प्रमुख श्री प्रकाश बली, लेखापाल शंकर घिमिरे प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै राजस्व परामर्श समितिका सदस्यहरु प्रतिपनि हार्दिक कृतज्ञता व्यक्त गर्दछौ ।

विषयसूची

**परिच्छेद १ : परिचय** **खण्ड**
१.१ पृष्ठभुमि १
१.२ स्थानीय करको सैद्धान्तिक पक्ष २
१.३ राजस्व सूधार कार्ययोजनाको औचित्य ४
१.४ राजस्व योजनाका उद्देश्यहरु ५
१.५ योजना तर्जूमा विधि र प्रकृया ५
१.६ योजनाका सीमाहरु ६
**परिच्छेद : दूई** **७**
**गाउंपालिकाको विद्यमान अवस्था** **७**
२.१ गाउंपालिकाको संक्षिप्त परिचय ७
२.२ गाउंपालिकाको मानव संशाधनको अवस्था ९
२.३ गाउंपालिकाको व्यवस्थापन सम्बन्धी अवस्था १०
२.३.१ स्थानीय निकाय स्वमुल्याङ्कन परिसुचक १०
२.४ राजस्वको अवस्था ११
२.५ आन्तरिक राजस्वको विद्यमान अवस्था १२
**परिच्छेद : तीन** **१४**
**स्थानीय तहको राजस्वको अधिकार र आय संभावयता** **१४**
३.१ संविधानिक व्यवस्था १४
३.२ स्थानीय शासन सञ्चालन ऐन, २०७४ १६
३.३ अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ १८
३.४ राजस्व परामर्श समिति १९
३.५ आन्तरिक राजस्वको संकलनका प्रमूख श्रोतहरु २०
३.६ गाउंपालिकाको राजस्व नीति २१
३.७ करमा छुट तथा सुविधाहरु २३
३.८ सम्पत्ति कर सम्बन्धी व्यवस्था २४
३.८.१ सम्पत्ति कर सम्बन्धी व्यवस्था २७
३.८.२ एकीकृत सम्पत्ति मुल्याङ्कन प्रकृया २७
३.८.३ घरजग्गाको प्रकृति तथा बनौट ३०

३.८.४ अन्य पालिकाको मुल्याङ्कन प्रकृया ३०
३.८.५ देखिएका मुख्य विषयहरु ३२
३.१० भूमि कर ३४
३.११ व्यवसाय कर ३७
३.१२ घर बहाल करको व्यवस्था ३९
३.१३ प्राकृतिक क्षेत्रको उत्पादन ४०
३.१४ कर सम्बन्धी पूनरावलोकनको व्यवस्था ४०
**परिच्छेद : चार** **४२**
**राजस्व सुधार कार्ययोजना** **४२**
४.१ गाउंपालिकाको राजस्व सुधार कार्ययोजना ४२
४.२ आगामी तीन वर्षको राजस्व प्रक्षेपण ४४
४.२.१ राजस्व सूधार कार्ययोजनाको आधारमा ४४
४.३ निष्कर्ष र सुझावहरु ४५
अनूसुचीहरु ५०
अनुसुची १ : गाउंपालिकाले लगाएको व्यवसायिक करको अवस्था ५०
अनूसुची २ : व्यवसाय कर सम्बन्धी व्यवस्था ५३

**तालिकाको सूची**

*तालिका १ : करका सिद्धान्तहरु* २
तालिका २ : करका नीतिगत पक्षहरु ३
तालिका ३ : जनसंख्याको विवरण ९
तालिका ४ : करका नीतिगत पक्षहरु ९
तालिका ५ : स्थानीय करको योगदान ११
तालिका ६ : करका तहगत अधिकार क्षेत्र १५
तालिका ७ : प्रदेश र स्थानीय तहको करको बांडफांड १८
तालिका ८ : करको कार्यान्वयनको अवस्था २०
तालिका ९ : गाउंपालिकाका राजस्व नीति २१
तालिका १० : कर छुट सम्बन्धी व्यवस्था २३
तालिका ११ : गाउंपालिकाको सम्पत्ति करको दर २९
तालिका १२ : घर तथा भवनको संख्यात्मक विवरण ३०
तालिका १३ : भवनको मुल्याङ्कन सम्बन्धी व्यवस्था ३१
तालिका १४ : सम्पत्ति करको गणना प्रकृया ३१
तालिका १५ : गाउंपालिकाको भुमिकरको दर ३४
तालिका १६ : गाउंपालिकाको भुमिकरको संभावयता ३६
तालिका १७ : उद्योग व्यवसाय र कलकारखाना ३७
तालिका १८ : गाउंपालिकाको व्यवसाय करको संभाव्यता ३९

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभुमि

कर संकलनका खासगरी यी उद्देश्य सरकार संचालन लागि आम्दानी गर्ने, सामाजिक तथा आर्थिक न्याय स्थापना गर्ने र समष्ट्रिगत आर्थिक स्थायित्व कायम गर्ने लगायतका उद्देश्यहरु रहेका हुन्छन् । उपरोक्त उद्देश्यहरुलाई ध्यान दिई कर लगाउनु उपयुक्त हुन्छ । राजस्व संकलन गर्ने उद्देश्य भएपनि नकारात्मक सूचिमा रहेका वस्तुहरु, स्वास्थ्यलाई हानी गर्ने, समाजलाई नकारात्मक असर गर्ने वस्तुहरुमा समेत उच्च दरको कर लगाई निरुत्साहित गर्ने व्यवस्था उपयुक्त हुने देखिन्छ । प्राकृतिक क्षय गर्ने वा वातावरणलाई असर गर्ने क्षेत्रहरुमा उच्च दरको कर लगाई सामाजिक न्यायको समेत स्थापना गर्नुपर्दछ । उच्च दरको कर लगाई निरुत्साहित गर्नु उपयुक्त मानिन्छ । उत्पादनमा मात्र नभई यी वस्तुहरुको प्रयोग हुने क्षेत्रमा समेत उच्च दरको कर लगाउनु सामाजिक न्यायको दृष्टिकोणले उपयुक्त हुन्छ । जस्तै मदिराको कारण सामाजिक अपराध उच्च हुने भएकोले मदिराको प्रयोग हुने क्षेत्रहरु जस्तै होटेल तथा रेष्टुरेण्टमा समेत मदिरा प्रयोग नगर्ने होटेलहरुमा भन्दा बढि कर लगाउनु मनासिब हुन्छ । मदिराको बिक्रीवितरणमा उच्च कर साथै मदिराको बढि खपत गर्ने पार्टि प्यालेशहरुमा समेत अन्यको तुलनामा बढि कर लगाउनु उपयुक्त देखिन्छ ।

आर्थिक न्यायको दृष्टिकोणले प्राथमिकता दिनुपर्ने क्षेत्रहरु जस्तै कृषि क्षेत्र, स्वास्थ्य, शिक्षाका तथा सोलाई प्रवर्द्धन गर्ने क्षेत्रहरुलाई समेत प्रोत्साहन गर्ने, स्वास्थ्य सम्बन्धी संस्थाहरु जस्तै प्रयोगशाला तथा रोजगारी सिर्जना गर्ने क्षेत्रहरुलाई समेत प्रोत्साहन गरी कर लगाउनु उपयुक्त देखिन्छ । आधारभूत आवश्यकताका क्षेत्रहरुमा कम कर लगाई प्रोत्साहन गर्नुपर्ने, विलाशिताका क्षेत्रहरुमा बढि कर लगाई निरुत्साहित गर्नु उपयुक्त देखिन्छ ।

कर लगाउंदा खासगरी देहायका सिद्धान्तहरुलाई ध्यानुदिनुपर्ने सिद्धान्तहरु रहेका छन् ।

**तालिका १ : करका सिद्धान्तहरु**

| सिद्धान्तहरु | विवरण |
|---|---|
| १. प्रगतीशिल कर | करको दर बढि आय वा सम्पति हुनेलाई मात्रा अनुसार करको दर उच्च हुदै जाने व्यवस्था |
| २. समानताको सिद्धान्त | सम्पत्ति वा आय जुनसुकै श्रोतबाट आर्जित भएपनि समानतहको आयमा समान करको भार हुनुपर्ने व्यवस्था गरेको छ । |
| ३. सहजताको सिद्दान्त | कर रकम भुक्तानी गर्ने समय सहज हुने अवस्था हुनुपर्ने देखिन्छ । |
| ४. प्रशासनिक लागत | कर संकलन गर्ने लागत कर रकम भन्दा कम हुनुपर्दछ । |
| ५. उत्पादकत्व बढाउने | कर संकलन गरेको रकम उत्पादकत्व बढाउने काममा खर्च भएको हुनुपर्दछ । |
| ६. सजिलो | कर बुझाउन सकेसम्म सजिलो हुनुपर्दछ |
| ७. निष्पक्ष | करको कारण कुनै आर्थिक गतिविधिहरु निरुत्साहित हुने हुनु हुदैन |
| ८. पुन वितरण हुने | कर रकम बढि सम्पत्ति र आय भएका व्यक्तिहरुसंग लिई कम आय भएका व्यक्तिहरुलाई सहयोग गर्नका लागि लिईन्छ |
| ९ समान हुनु पर्ने | करको दर, करको प्रकृया, कर सम्बन्धी नीति समान हुनुपर्दछ । समानता बनाउने खालको हुनुपर्दछ । |
| १०. करको लागत | कर बुझाउने व्यक्तिको कर बुझाउन लाग्ने लागत सकेसम्म कम हुनुपर्दछ वा करको रकम भन्दा निकै कम हुनुपर्दछ । |

## १.२ स्थानीय करको सैद्धान्तिक पक्ष

स्थानीय तहको खर्चको आवश्यकता र आकांक्षा समेत उच्च हुदै गैरहेको तथा विकेन्द्रिकरणको सिद्धान्त अनुसार स्थानीय तहले सर्वसाधारणका सेवामा प्रत्यक्ष रुपमा संलग्न हुनु पर्ने आवश्यकता बढ्दै गएको छ । सो सेवाका लागि स्थानीय सरकारको बजेटको आकार बढाउनुपर्ने भएको,अन्य श्रोतबाट कर आय

संकलन भएमा, सम्पत्तिको मूल्याङ्कनको दरमा परिवर्तन गर्नुपर्ने आवश्यकता र कर लगाउने दर तय हुंदा वार्षिक बजेट मार्फत खर्चको आवश्यकतामा समेत अनुमान गरी विभिन्न श्रोतहरुबाट करको संकलन गर्न सकिन्छ। साथै वार्षिक बजेट मार्फत कुनै करको दर परिवर्तन गर्ने, कर लगाउने तरिकामा परिवर्तन गर्ने र करको दरमा परिवर्तन गर्न सकिन्छ । अन्तराष्ट्रिय अभ्यास हेर्दा स्थानीय तहले लिने प्रकृतिमा खासगरी अन्य स्थानमा करको कारण बढि असर नगर्ने श्रोतहरु स्थायी प्रकृतिका श्रोतहरुमा कर लिने प्रचलन रहेको छ । चलाएमान हुने श्रोतहरुमा केन्द्रिय सरकार वा प्रदेश सरकारले कर लिने व्यवस्था रहेको छ । शहरीकरण बढ्दै गएको स्थानमा स्थानीय कर बढि संकलन हुने गरेको छ । शहरीकरणले गर्दा ठूला ठूला घर बन्ने भएकोले स्थानीयकरको सबैभन्दा दिगो श्रोत घर जग्गा करको श्रोत हुन्छ। उद्योग तथा व्यापार समेत उच्च भएको कारण व्यवसाय करको समेत श्रोत हुने गर्दछ।

स्थानीय कर साधारणत Benefit Principle को आधारमा लगाईन्छ। सोहिकारण करको आधार, दर र समय तोकिंदा त्यस क्षेत्रको आयको श्रोत, आय हुने संभावना र भुक्तानी गर्ने समय फरक फरक हुन सक्दछ । नेपालको संविधानले स्थानीय तहलाई चलाएमान श्रोत र चलाएमान नहुने दुवै श्रोतमा कर लगाउन सक्ने अधिकार दिएको छ । खासगरी घरजग्गामा चलाएमान श्रोत नभएको कारण एक स्थानीयतहका करको कारण अन्य स्थानीयतहमा धेरै असर नहुने हुन सक्दछ तर अन्य श्रोतहरुमा कर लगाउंदा अन्य स्थानीय क्षेत्रको कर प्रणालीको आफ्नो क्षेत्रमा समेत प्रत्यक्ष प्रभाव रहने भएकोले करको आधार, दर, तरिका र समयको कारण प्रत्यक्ष प्रभाव पर्न सक्ने देखिन्छ । स्थानीय कर लगाउंदा खासगरी देहाय बमोजिमका सिद्धान्तको आधारमा कर लगाउंदा बढि उपयुक्त हुन्छ।

**तालिका २ : करका नीतिगत पक्षहरु**

| करका सिद्धान्तहरु | विचार गरिनुपर्ने विषयहरु |
|---|---|
| १.कर लगाउंदा प्रगतीशिल आधारमा लगाउनुपर्दछ<br><br>२. कर लगाउंदा कर तिर्ने क्षमताको आधारमा लगाउनु | १. करको आधार के हुने कर केमा लगाउने भन्ने स्पष्ट रुपमा एकिन गर्ने । |

| | |
|---|---|
| पर्दछ ।<br><br>३. कर लगाउंदा त्यस क्षेत्रमा रहेका सुविधाको आधारमा कर लगाउनु पर्दछ । | २. एक भन्दा बढि श्रोत भएमा कर लाग्ने आधार सबै एकै स्थानमा ल्याउने ।<br><br>३. करको दर ( कति दरमा कर लगाउने)<br><br>४. कर कहिले तिर्ने ( कर तिर्ने समय ) |

## १.३ राजस्व सूधार कार्ययोजनाको औचित्य

संविधान सभाले वि.स. २०७२ मा नेपालमा संघिय संविधान जारी गरेपछि स्थानीय निकायहरु स्वायत्त र अधिकार सम्पन्न भएका छन् । स्थानीय तहले तोकिएका क्षेत्रमा नीति निर्माण, कर आधार र करको निर्धारणमा संविधानिक समेत अधिकार सम्पन्न भएका छन् । सेवा प्रवाह र श्रोतको परिचालनमा समेत स्थानीय तहको अपनत्प हुने भएकोले खर्चको आवश्यकता र संभावयताको आधारमा करको निर्धारण गर्न सकिने देखिन्छ । खर्चमा स्थानीयहरु त्हहरुको प्रत्यक्ष रुपमा स्वयं प्राथमिकताका आधारमा हुने भएकोले श्रोतको परिचालन स्वतस्फूर्त हुन्छ । नगरपालिका र गाउंपालिकाको आन्तरिक श्रोतको अनुपात अभिवृद्धि गर्ने र आन्तरिक श्रोतलाई भरपर्दो श्रोतमा विकसित गर्न, करका व्यवस्थामा सामाञ्यस्यता बनाउने, न्यायिक र अनुमानित बनाउने तथा सरकारवालाहरुको सहभागिता अभिवृद्धि गर्न राजस्व सुधार कार्ययोजनाले मार्गनिर्देशन गर्ने अपेक्षा गरिएको छ ।

## १.४ राजस्व योजनाका उद्देश्यहरु

स्थानीय तह खासगरी मल्लरानी गाउंपालिको आन्तरिक राजस्व सम्बन्धी व्यवस्थाको पुनरावलोकन गरी समष्टिगत विश्लेषण गर्नु यसको मूख्य उद्देश्य रहेको छ । यस योजनाका खासगरी देहाय बमोजिम उद्देश्यहरु रहेका छन् ।

१. गाउंपालिकाको विद्यमान कर प्रणाली कर नीति, प्रकृया तथा करको दरको विश्लेषण गर्ने ।

२. कर सम्बन्धी व्यवस्थालाई वस्तुगत बनाउन तथा आन्तरिक आयका श्रोतहरुको पहिचान तथा विश्लेषण गर्ने ।

३. गाउंपालिकाको आन्तरिक श्रोतको विकास गर्न तथा राजस्व सम्बन्धी नीतिको दिर्घकालिन आधार तयार गर्न आवश्यक विश्लेषण गर्ने

४. करमा स्वच्छिक सहभागिता वृद्धि गर्न तथा खर्चको श्रोतको पहिचान गर्न गरिनुपर्ने नीतिगत, प्रकृयागत क्षेत्रमा आवश्यक विश्लेषण र राय सुझाव दिने ।

## १.५ योजना तर्जूमा विधि र प्रकृया

राजस्व योजना तर्जुमाका सम्बन्धमा देहाय बमोजिमको विधि अपनाईएको छ ।

१. नेपालको संविधान २०७२, नेपाल सरकारको अन्तरवित्तिय व्यवस्थापन ऐन, स्थानीय सरकार संचालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त व्यवस्थापन ऐन, सामान्य प्रशासन तथा संघिय मामिला मन्त्रालयबाट जारी भएका निर्देशन, निर्देशिका, कार्यविधि, सर्कुलरहरुको अध्ययन गरिएको छ ।

२. स्थानीय करका सिद्धान्त, विभिन्न मुलुकका अन्तराष्ट्रिय अभ्यास, स्थानीय तह वा विकेन्द्रित सरकारका पूर्व अध्ययन गरिएको छ ।

३. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रकाशनहरुबाट तथ्याङ्कहरुको विश्लेषण गरिएको छ ।

४. मल्लरानी गाउंपालिकाका गाउंपालिकाका पदाधिकारी, सरोकारावाला तथा कर्मचारीसंग अन्तरक्रिया तथा अन्तरवार्ता गरिएको छ ।

४. स्थानीय निकायमा स्वयं उपस्थित स्थलगत अवलोकन गरिएको छ ।

५. सरोकारवालासंग अन्तरक्रिया र छलफल आयोजना गरिएको छ ।

६ करका स्थानीय शासनसंग सम्बन्धित विज्ञहरुसंग राय सुझाव लिईएको छ ।

## १.६ योजनाका सीमाहरु

यस अध्ययनका खासगरी देहाय बमोजिमका सीमाहरु रहेका छन् ।

१. गाउंपालिकामा रहेका मूख्य तथ्याङ्कको आधारमा यो विश्लेषण गरिएको छ ।

२. तथ्याङ्कको विश्लेषण आधुनिक र तथ्याङ्किय विधिको आधारमा गरिएको छैन ।

३ विश्वनिय तथ्याङ्कको अभावको केहि न्यून अनुमान गरिएको हुन सक्दछ ।

# परिच्छेद : दूई

# गाउंपालिकाको विद्यमान अवस्था

## २.१ गाउंपालिकाको संक्षिप्त परिचय

गाउंपालिका लुम्बिनी प्रदेश प्यूठान जिल्ला अन्तरगत ८२ डिग्री ४८ मिनेट ३० सेकेन्ड देखि ८३ डिग्री ०१ मिनेट ३० सेकेन्ड पूर्व देशान्तर र २८ डिग्री २ मिनेट देखि २८ डिग्री ६ मिनेट ३० सेकेन्ड उत्तर अक्षांससम्म फैलिएको छ । यस गाउंपालिकाको पूर्वि सीमा अर्घाखाँची जिल्ला, पश्चिममा माण्डवी गाउँपालिका र प्यूठान नगरपालिका, उत्तरमा झिमरूक गाउँपालिका र प्यूठान नगरपालिका तथा दक्षिणमा ऐरावती गाउँपालिका रहेको छ । गाउं पालिकालाई ५ वडामा विभाजन गरिएको छ । यसको जम्मा जनसंख्या २०६६४ जना मध्ये महिला १००८२ जना, पुरूष १०५७८ जना रहेका छन् । केन्द्रिय तथ्याङ्क विभागको २०७८ सालको जनगणना अनुसार मल्लारानीमा जम्मा जनसंख्या १५८४६ रहेको छ यसमध्ये महिलाको जनसख्या ६८६६ र पुरुषको जनसंख्या ८९८० रहेको छ । गाउंपालिकाको जम्मा घरधुरी संख्या २०६८ सालको जनगणनामा ३४६८ रहेकोमा संख्या बढेर ४१५२ भएको छ । आर्थिक गणना २०१८ अनुसार मल्लरानी गाउंपालिकामा २२४ व्यवसाय बसोवास गर्ने घर र १५८ व्यवसाय व्यवसायिक भवनमा नै संचालन रहेको देखिन्छ । जनगणना २०६८ अनुसार गाउंपालिकामा ५८०९ घरधुरी रहेको ५४११ घर माटोबाट निर्माण भएको सिमेन्टबाट बनेको ३७, आरसिसि फ्रेम स्टकचर्स ५५ वटा घर निर्माण भएको देखिन्छ ।

यस गाउंपालिकाको जम्मा क्षेत्रफल ८०.०९ वर्ग कि.मि रहेको छ । खेतियोग्य जमिन २९.२९ वर्ग कि.मि.(३७.२९ %), वन क्षेत्र ३६.०८ वर्ग कि.मि.(४५ %), चरन क्षेत्र ४.३३ वर्ग कि.मि.(५.४०%),

झाडी ८.९१ वर्ग कि.मि. (११.११%) र अन्य ०.४८ वर्ग कि.मि. (१.२%) रहेको छ । स्थानीय सरकार संचालन ऐन को अनूसूचि १ को व्यवस्था अनुसार प्यूठान जिल्ला पहाडी जिल्लाको रुपमा वर्गिकरण गरिएको छ ।

**तालिका ३ : जनसंख्याको विवरण**

| विवरण | २०६८ | २०७८ | फरक |
|---|---|---|---|
| जम्मा जनसंख्या | २०६६४ | १५८४६ | (४८१८) |
| पुरुष | १००८२ | ६८६६ | (३२१६) |
| महिला | १०५७८ | ८९८० | (१५९८) |
| घरधुरी संख्या | ३८६८ | ४१५२ | २८४ |

## २.२ गाउंपालिकाको मानव संशाधनको अवस्था

गाउंपालिकामा ३४ जना कर्मचारी कार्यरत रहेको देखिन्छ । यस मध्ये प्रशासन, अनुगमन र योजना शाखा, पूर्वाधार विकास शाखा, महिला बालवालिका तथा सामाजिक विकास शाखा, महिला, बालबालिका तथा सामाजिक विकास शाखा र शिक्षा तथा खेलकुंद शाखाको रुपमा रहेको छ । राजस्व इकाई प्रशासन अनुगमन शाखा अन्तरगत रहेको छ । उक्त शाखामा रापअनंकित पौचो तहका व्यक्ति प्रमुख हुने व्यवस्था रहेको छ । साधारणत गाउंपालिकाको प्रशासनिक कार्यविभाजन देहाय बमोजिम रहेको छ ।

**तालिका ४ : करका नीतिगत पक्षहरु**


| प्रशासनिक विभाजन | |
|---|---|
| प्रशासन शाखा | लेखा शाखा |
| शिक्षा शाखा | प्राविधिक शाखा |
| योजना शाखा | न्यायिक समिति शाखा |
| पशु सेवा शाखा | स्वास्थ्य शाखा |
| कृषि शाखा | महिला बालवालिका शाखा |
| सूचना तथा प्रविधि शाखा | रोजगार शाखा |

गाउंपालिकामा स्थानीय निकाय संचालन गर्न विभिन्न अध्ययनहरुले गरेको विश्लेषणको आधारमा मानव संशाधन सामान्यत आवश्यक मात्रामा देखिन्छ। मल्लरानी जिल्लाको सदरमुकाम समेत भएकोले पूर्वाधार निर्माण, स्थानीय अवस्थालाई विश्लेषण गर्दा विकासको संभावना समेत उच्च भएको गाउंपालिका भएकोले हाल गाउंपालिकामा भएको मानव जनशक्तिको दक्षता भविष्यको दिनमा समेत थप बढाउनु तथा राजस्व सम्बन्धी कृयाकलापमा विशेपज्ञता भएको व्यक्तिको विकास गर्न आवश्यक तालिम तथा मानव विकास सम्बन्धी कार्यक्रम गर्नु उपयुक्त देखिन्छ।

## २.३ गाउंपालिकाको व्यवस्थापन सम्बन्धी अवस्था

नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वं मूल्याङ्कनको आधारमा तयार पारेको प्रशासनिक व्यवस्थाको सम्बन्धमा तुलनात्मक विश्लेषण गरिएको छ। तुलनात्मक विश्लेषणमा मल्लरानी गाउंपालिका र प्यूठान नगरपालिका समष्टिगत प्रशासनिक व्यवस्थामा समानता नै देखिन्छ। वार्षिक बजेट तथा योजनामा मल्लरानी गाउंपालिको अवस्था अन्य पालिकाको भन्दा बढि राम्रो देखिन्छ। न्यायिक कार्यसंपादनमा मल्लरानीको अवस्था राम्रो अवस्था देखिन्छ। वातावरण संरक्षण र भौतिक पूर्वाधार तथा सहकार्य र समन्वयमा यस पालिकाको अन्य क्षेत्रको तुलनामा कम अंक पाएको देखिन्छ।

### स्थानीय निकाय स्वमुल्या□न परिसुचक




## २.४ राजस्वको अवस्था

अधिकांश मुलुकहरुमा कर केन्द्रबाट संकलन गर्दा र खर्च स्थानीयबाट गर्दा बढि प्रभावकारी हुने देखिएको छ । स्थानीय तहमा स्थानीय क्षेत्रमा संभावना भएका क्षेत्रहरुमा मात्र बढि ध्यान दिएको हुन्छ । राज्यका नीतिहरु जस्तै पुन वितरण हुने करहरु आयकर केन्द्रिय तहलाई दिईएको हुन्छ ।

**तालिका ५ : स्थानीय करको योगदान**


| विवरण | जीडिपीको प्रतिशत | साधारण राजस्वको प्रतिशत | स्थानीय करको प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| उच्च आय भएका मुलुकहरु | १.१ | ४.५ | ३७.७ |
| मध्यम आय भएका मुलुक | ०.६ | २.१ | ३५.५ |
| न्यून आय भएका मुलुकहरु | ०.३ | १ प्रतिशत भन्दा कम | १५–२० |

अमेरिका र क्यानडामा स्थानीयकरले कुल ग्राहस्थ उत्पादनको ३.५ प्रतिशत योगदान गर्दछ ।

## २.५ आन्तरिक राजस्वको विद्यमान अवस्था

मल्लरानी गाउंपालिकाको विगत ३ वर्षको राजस्वको अनुमान हेर्दा कुल आम्दानी मध्ये आन्तरिक राजस्वबाट ६–८ प्रतिशत आन्तरिक राजस्व संकलन गर्ने लक्ष्य लिएको देखिन्छ । त्यसमध्ये सबैभन्दा बढि सम्पत्ति करबाट ४ प्रतिशत, सिफारिसबाट १.५ प्रतिशत र व्यवसाय करबाट ०.५ प्रतिशत कर असुल गर्ने लक्ष्य लिएको देखिन्छ ।




| | Internal Revenue | Land Tax | Shipharis Dastur | Business Tax |
|---|---|---|---|---|
| 2076/77 | 6.28 | 3.77 | 0.84 | 0.28 |
| 2077/78 | 7.67 | 4.32 | 1.15 | 0.36 |
| 2078/79 | 8.04 | 3.51 | 1.40 | 0.42 |

कुल आम्दानीमा आन्तरिक करको योगदान, सम्पत्ति करको योगदान र व्यवसाय करको समेत योगदान बढ्दै गैरहेको देखिन्छ ।

# परिच्छेद : तीन

# स्थानीय तहको राजस्वको अधिकार र आय संभावयता

## ३.१ संविधानिक व्यवस्था

नेपालको संविधान २०७२ को दफा ५९ ले स्थानीय तहलाई आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । स्थानीय तहले बजेट बनाउने र बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुने व्यवस्था गरेको छ । साथै संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्ने व्यवस्था छ । त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्ने व्यवस्था रहेको छ ।

दफा ६० ले संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारको हुने व्यवस्था रहेको छ । संघले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने र प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था रहेको छ । संघले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था समेत रहेको छ ।

संविधानको दफा २२८ ले .कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था गरेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक

नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ । संविधानले स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने सो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनु पर्ने व्यवस्था गरेको छ । सोको खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने उल्लेख गरिएको छ ।

साथै दफा २३० मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने र राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्ने व्यवस्था रहेकोछ ।

**तालिका ६ : करका तहगत अधिकार क्षेत्र**

| **तह** | **करको अधिकार क्षेत्र** |
|---|---|
| स्थानीय तह | – सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर<br>– विज्ञापन कर, व्यवसाय कर, भूमिकर ( मालपोत), मनोरञ्जन कर<br>– पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना । |
| प्रदेश | – घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर,<br>– पर्यटन, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना |
| संघीय सरकार | – भन्सार, अन्तशुल्क, मूल्य अभिबृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर<br>– राहादानी शुल्क, भिसा शुल्क<br>– पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरु |
| संघ, प्रदेश र स्थानीय तह | – सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय निकायलाई एकलौटी अधिकार दिएको छ । संविधानको अनुसूची ९ ले संघिय, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा राखिएको छ । अनुसूची ६ मा घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना प्रदेश सरकारको अधिकारक्षेत्रको रुपमा राखेको छ । सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर ( मालपोत), दण्डजरिवाना, मनोरञ्जन करलाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको छ ।

संघीय सरकारलाई भन्सार, अन्तशुल्क, मूल्य अभिबृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर तथा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरु लगाउने अधिकार दिइएको छ । कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था समेत संविधानमा गरिएकोछ ।

## ३.२ स्थानीय शासन सञ्चालन ऐन, २०७४

ऐनले स्थानीय सरकार गाउँपालिका र नगरपालिकालाई एकीकृत सम्पत्ति कर, जग्गा कर, घरभाडा कर, घरभाडा कर, व्यवसाय कर, पार्किङ शुल्क लगाउन सक्ने व्यवस्था गरेको छ । त्यसैगरी स्थानीय सरकारले जडिबुटी तथा जडीबुटी उत्पादनमा कर, फोहोरको पुन प्रयोग सामग्री कवाडी मा कर, पदयात्रा, –याफि्टङ, बङ्गिङ जम्प, खानेपानी, विद्युत, सार्वजनिक पुस्तकालय, सरसफाइ, सडक, बसपार्क, पर्यटन, गेस्ट हाउसको शुल्क लगाउन सक्नेछ । । ऐनको दफा ३८ देखि ४७ सम्म  स्थानीय तहलाई देहायका बमोजिमका अधिकार रहेका छन् ।

- स्थानीय, प्रदेश र संघियलाई दिएको अधिकार बमोजिम स्थानीय तहलाई सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर र मनोरञ्जनको नीति, कानून, कार्यान्वयन र नियमन गर्ने अधिकार रहेको ।
- स्थानीय पूर्वाधार र सेवा शुल्कहरूको निर्धारण, सङ्कलन र प्रशासन ।
- ट्रेकिङ, कयाकिङ, जीप फ्लेयर र्याफ्टिङ, केबलकार, बन्जी जम्प, मोटर बोट, र्याफ्टिङ, सेवा शुल्क साहसिक र नवीन पर्यटन सेवा शुल्कमा लगाइने
- जडीबुटी र जडीबुटी सामग्री र जीवित जनावरबाट कर लगाउने
- स्थानीय राजस्वको विस्तार र प्रवर्द्धन आधार
- ढुङ्गा, माटो, काठ, स्लेड चट्टान जस्ता प्राकृतिक र खनिज उत्पादनहरूको बिक्री र निर्यातमा कर निर्धारण र सङ्कलन
- सिफारिस, दर्ता, नवीकरणीय, इजाजतपत्र मा शुल्क निर्धारण र सङ्कलन
- स्थानीय राजस्वको प्रवर्द्धन र प्रोत्साहन गर्ने
- तथ्याङ्क र राजस्वको जानकारीको आदानप्रदान
- सङ्घीय र प्रदेश कानून बमोजिम राजस्व चुहावट नियन्त्रणका लागि नीति, कानून, मापदण्ड र नियमावली तयार गर्ने ।
- पूर्वाधारमा प्रयोग हुने नीति, कानून, मापदण्ड र नियमन गर्ने
- भूमि करको सङ्कलन
- अन्य निर्दिष्ट अधिकार कर र सेवा शुल्क सम्बन्धित कार्य गर्ने

## ३.३ अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४

अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले  प्रदेश सरकार र स्थानीय सरकार मा दोहोरो पर्न गएका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई बाँडफाँट गर्ने व्यबस्था मिलाएको छ ।

**तालिका ७ : प्रदेश र स्थानीय तहको करको बांडफांड**

| करका किसिम | दर र दायराको तय | संकलन | बाडफांड हिस्सा | |
|---|---|---|---|---|
| | | | स्थानीय | प्रदेश |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय तह | ६० | ४० |
| सवारी साधन कर | प्रदेश | प्रदेश सरकार | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय तह | ६० | ४० |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय तह | ६० | ४० |
| मूल्य अभिबृद्धि कर | संघिय सरकार | संघिय सरकार | १५ | १५ |
| अन्तशुल्क आन्तरिक उत्पादन | संघिय सरकार | संघिय सरकार | १५ | १५ |
| पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी | संघिय सरकार | संघिय सरकार | २५ | २५ |

घरजग्गा रजिष्ट्रेशन कर प्रदेश कानून स्थानीय तहले लगाउने व्यवस्था भएपनि हाललाई नेपाल सरकारले तोकेको निकाय मालपोत मार्फत संकलन गरी स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँट गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई ६० प्रतिशत

रकम प्रदेश सरकारले र ४० प्रतिशत स्थानीय तहले बांडफांड गर्ने अधिकार दिएको छ। मनोरंजन कर प्रदेश कानून बमोजिम स्थानीय तहले उठाई स्थानीय तह र प्रदेश सरकारले पाउने गरी व्यवस्था गरिएको छ। विज्ञापन कर स्थानीय कानून बमोजिम ले संकलन गरी स्थानीय तहले ४० प्रतिशत प्रदेश सरकारलाई दिने व्यवस्था रहेको छ । मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्क वापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यबस्था गरेको छ भने प्राकृतिक श्रोत साधनको रोयल्टीबाट प्राप्त रकम ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई वाँडफाँड गर्नुपर्ने व्यवस्था गरेको छ।

## ३.४ राजस्व परामर्श समिति

स्थानीय सरकार संचालन ऐन को दफा ६५ मा प्रत्येक गाउंपालिका वा नगरपालिकाले राजस्व परामर्श समिति गठन गर्न सक्ने अधिकार दिएको छ। उक्त ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिका देहाय बमोजिमका काम, कर्तव्य र अधिकार रहने व्यवस्था रहेका छन।

- राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा संशोधन, परिमार्जन, परिपालनाको सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने
- राजस्वको श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षको राजस्वको अनुमान गर्ने।
- राजस्वका दर र क्षेत्र लगायतका क्षेत्रमा आन्तरिक आयको विश्लेषण तथा अनुमान गर्ने।
- स्थानीय उद्योग व्यवसाय लगायतका रोजगारी प्रवर्द्धन र सिर्जना लगायतका नीतिको परामर्श दिने।
- कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क दस्तुर आदिको सम्बन्धमा राय परामर्श दिने।

– राजस्व प्रशासन सुधारका लागि आवश्यक परामर्श दिने

## ३.५ आन्तरिक राजस्वको संकलनका प्रमूख श्रोतहरु

मल्लरानी गाउंपालिकाका आन्तरिक आयको प्रमुख श्रोतहरु खासगरी देहाय बमोजिम रहेका छन्न ।

**तालिका ८ : करको कार्यान्वयनको अवस्था**

| **संविधानिक व्यवस्था** | **गाउंपालिका** |
|---|---|
| भूमि कर (मालपोत) | भूमि कर (मालपोत) |
| सम्पत्ति कर | सम्पत्ति कर |
| सवारी कर ( टांगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | सवारी कर ( टांगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) |
| घर जग्गा बहाल कर | घर जग्गा बहाल कर |
| व्यवसाय कर | व्यवसाय कर |
| जडिबुटि, कबाडी र जिवजन्तु कर | जडिबुटि, कबाडी र जिवजन्तु कर |
| विज्ञापन कर | विज्ञापन कर |
| मनोरंजन कर | मनोरंजन कर |

श्रोतः नेपालको संविधान २०७२ तथा आर्थिक ऐन २०७८ मल्लरानी गाउंपालिका

गाउंपालिकाले प्रत्येक वर्ष आर्थिक ऐन मार्फत संविधानले दिएको दायरा अन्तरगत कर तथा शुल्क लगाउने गरेको छ । संविधानमा उल्लेख भए बमोजिम भूमिकर, सम्पत्ति कर, सवारी साधन कर, घर बहाल कर, व्यवसाय कर , जडिबुटि, कवाडी र जिवजन्तु कर विज्ञापन कर, मंनोरंजन कर लगाउन सक्ने व्यवस्था गाउंपालिकाको आर्थिक ऐनमा गरेको छ । यी मध्ये सम्पत्ति कर, भूमि कर, घर बहाल कर व्यवसाय कर जस्ता करहरु संकलन भएको देखिन्छ भने अन्य करहरु प्रभावकारी रुपमा परिचालन

भएको देखिदैन । मनोरंजन कर तथा विज्ञापन कर को श्रोत नै कमजोर देखिन्छ । यी करहरु कार्यान्वयन गर्दा समेत साधन र श्रोतको उपयोग र कर संकलन गर्दा लाग्ने खर्च तथा त्यसबाट संकलित हुने राजस्व रकमको समेत विश्लेषण गनुपर्ने आवश्यकता देखिन्छ ।

गाउंपालिकाले भूमि कर, सम्पत्ति कर, घर बहाल कर जडिबुटिमा कर संकलन गरेको छ । तर आर्थिक ऐनमा व्यवस्था भएपनि सवारी कर ( टांगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) कर, विज्ञापन कर र मनोरंजन कर संकलन गरेको देखिदैन । सवारी करको संभावना नै देखिदैन साथै विज्ञापन कर र मनोरंजन कर हालको अवस्थामा निकै न्यून देखिन्छ । यी करको कार्यान्वनयनका कर संकलन भन्दा कर संकलनका लागि लागत बढि लाग्ने सक्ने देखिन्छ ।

## ३.६ गाउंपालिकाको राजस्व नीति

गाउंपालिकाले विगत ५ वर्षदेखि सालबसाली नीति तथा कार्यक्रम ल्याउदै आएको छ । गाउंपालिकाले ल्याएको आर्थिक वर्ष २०७७।७८ र आर्थिक वर्ष २०७८।७९ को राजस्व नीतिका मूख्य व्यवस्था देहाय बमोजिम रहेको छ ।

**तालिका ९ : गाउंपालिकाका राजस्व नीति**

| आर्थिक वर्ष २०७८।७९को नीति | आर्थिक वर्ष २०७७।७८ नीति |
|---|---|
| – कर डर होइन गाउँपालिकाको विकासको भर हो' भन्ने तथ्यलाइ आत्मसाथ गर्दै सवै प्रकारका आर्थिक क्रियाकलापहरु राजश्व प्रशासनको दायराभित्र ल्याइनेछ ।<br>– कर र मृत्यु शाश्वत सत्य हो भन्ने मान्यतालाई कार्यान्वयनमा ल्याउन व्यापक रुपमा कर सप्ताह, घुम्ती संकलन, करदाता शिक्षा कार्यक्रम | – अनलाइन राजस्व प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइने<br>– कर नतिर्ने कर बक्यौता तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदातालाई विवरण संकलन गरी करको दायरामा ल्याइनेछ ।<br>– कर डर होइन गाउँपालिकाको |

| आर्थिक वर्ष २०७८।७९को नीति | आर्थिक वर्ष २०७७।७८ नीति |
|---|---|
| संचालन गरिनेछ ।<br>– राजश्व संकलनलाई सरल पारदर्शि र प्रविधिमैत्रि वनाउन गाउँपालिका र वडा बाट अनिवार्य रुपमा सफ्टवेरको प्रयोग गरी राजश्व संकलन गरिनेछ ।<br>– तोकेको समयभित्र कर बुझाउंदा करदातालाई ५ देखि १० प्रतिशतसम्म छुटको व्यवस्था गरिनेछ ।<br>– गाँउपालिका क्षेत्रमा उत्खनन, संकलन तथा निकाशी हुने नदीजन्य पदार्थको लागि प्रदेश सरकारको कार्यविधि अनरुप व्यवस्थित गर्दै गाँउपालिकाको आयश्रोत वृद्धि गरिनेछ ।<br>– उत्कृष्ट करदाताको पहिचान गरि पुरस्कृत गरिने छ<br>– नियमित बजार अनगमन गरी  कर नतिर्ने कर बक्यौता राख्ने तथा पटक पटक सचना प्रवाह गर्दा  समेत अटेर गर्ने करदाताको विवरण संकलन गरी करको दायरमा ल्याईनेछ ।<br>– राजश्व परामर्श समितिको भूमिकालाई प्रभावकारी र परिणाममखी बनाउन राजश्व परामर्श  समितिको कार्य सञ्चालन कार्यविधि निर्माण गरी लाग गरिने छ । | लिकासको भर हो' भन्ने तथ्यलाइ आत्मसाथ गदै सबै प्रकारका आर्थिक कृयाकलापलाई करको दायरामा ल्याईने छ ।<br>– प्रचलित कानून अनुसार निर्धारण भएको कर तथा गैर कर राजश्व परिचालन गर्न विशेष कार्यक्रम गरिने छ । कर सप्ताह, करदाता शिक्षा कार्यक्रम संचालन गरिनुका साथै  कर संकलनका घुम्ती शिविर संचालन गरिने छ ।<br>– राजश्वको दायरा फराकिलो पारी राजस्वको विविधिकरण विस्तारीकरणमा जोड दिईने छ ।<br>– राजश्व संकलन, लेखा व्यवस्थापन जस्ता सफ्टियरहरुलाइ व्यवस्थत गरिने छ ।<br>– तोकेको समयभित्र कर बुझाउंदा करदातालाई ५ देखि १० प्रतिशतसम्म छुटको व्यवस्था गरिनेछ ।<br>– गाउंपालिका क्षेत्रमा उत्खलन, संकलन र निकासी हुने नदिजन्य पदार्थको प्रदेश सरकारको कार्यविधि अनुसार व्यवस्थित गदै गाउंपालिकाको आयश्रोत वृद्धि |

| आर्थिक वर्ष २०७८।७९को नीति | आर्थिक वर्ष २०७७।७८ नीति |
|---|---|
| | गरिने छ । |

श्रोतः नीति तथा कार्यक्रम, मल्लरानी गाउंपालिका, २०७७।७८, २०७८।७९३.६

## ३.७ करमा छुट तथा सुविधाहरु

अन्तराष्ट्रिय अभ्यास अनुसार साधारणत देहाय बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई स्थानीय कर छुट दिन सकिने अवस्थाहरु रहेको देखाएको छ ।

**तालिका १० : कर छुट सम्बन्धी व्यवस्था**

| | |
|---|---|
| १. १८ वर्षभन्दा कम उमेर भएको व्यक्ति । | २. करदाता पूर्णरुपमा विद्यार्थीको रुपमा भए |
| ३. करदाताले आफ्नो परिवारको सदस्य बाहेक अन्य व्यक्तिलाई हेरचार गर्न पर्ने अवस्था भएमा । | |
| ४. कुटनैतिक नियोगको सम्पत्ति | ५. सरकारी निकाय वा सार्वजनिक जग्गा भएमा |
| ६.सार्वजनिक रुपमा प्रयोग गरिने जस्तै पार्टि पौवा वा व्यक्तिगत रुपमा भएको जग्गाको सार्वजनिक प्रयोगका लागि भएपनि कर रकम छोड्न सकिन्छ । | |

स्थानीय सरकार संचालन ऐनले देहाय बमोजिमका श्रोतहरुमा कर छुट हुनुपर्ने व्यवस्था गरेको छ ।

१. प्रचलित कानुनबमोजिमका कूटनीतिक संस्था वा कूटनीतिज्ञहरूलाई

२. नेपाल सरकार, प्रदेश, विश्वविद्यालय, सरकारी अस्पताल, सरकारको मातहतमा रहेका उद्योग तथा विकास समितिबाट सञ्चालित विदेशी ऋण तथा सहयोगमा सञ्चालित आयोजनाबाट पैठारी हुने वस्तु तथा सेवा

३. समूह वा संयुक्त बासिन्दा अन्तर्गत अवशिष्ट घर र जग्गा निर्माणमा एकीकृत कर लाग्ने छैन । तर अन्य प्रयोजनका लागि प्रयोग गर्दा कर लगाइन्छ ।

४. संघीय, प्रदेश वा स्थानीय सरकारको पूर्व स्वीकृतिमा संयुक्त आवास क्षेत्रको प्रयोगमा संयुक्त आवासीय क्षेत्र र तहखाने, बगैंचा, पार्किङ र सडकमा कुनै पनि एकीकृत सम्पत्ति कर लगाइने छैन ।

## ३.८ सम्पत्ति कर सम्बन्धी व्यवस्था

सम्पत्ति करको धेरै संभावना भएको कर प्रणाली हो । शहरीकरण भएको क्षेत्रमा मूल्य समेत बढ्ने भएकोले यो क्षेत्रमा बढि कर लिन र कर आधारमा समेटिन सकिन्छ । यो कर राजनैतिक क्षेत्रसंग समेत बढि जोडिएकोले बढि संवेदनशिल कर प्रणाली पनि हो । सबैभन्दा बढि संभावना शहरीकरणमा नै हुन्छ । सम्पत्ति र आयको आधारमा लिईने करहरु २० प्रतिशत व्यक्तिले ८० प्रतिशत कर तिर्ने र ८० प्रतिशत व्यक्तिहरु २० प्रतिशत कर तिर्ने अवस्था हुन सक्दछ । सम्पत्ति कर बढि राजनीतिसंग प्रत्यक्ष जोडिने भएकोले बढि संवेदनशिल कर प्रणाली रुपमा लिईन्छ । स्थानीय कर खासगरी सम्पत्तिकर प्रत्यक्ष कर भएको कारण प्रशासनिक व्यवस्था बढि जिम्मेवार हुनुपर्ने आवश्यकता रहन्छ ।

सम्पत्तिको मूल्य सरकारले गरिदिने व्यवस्थाको आधारमा क्षेत्र विशेषमा आधारमा हुन्छ । यो चलाएमान नभएको कारण आर्थिक दक्षता समेत उच्च भएको कर प्रणाली हो । जग्गा प्राकृतिक उपहार भएको र सरकारी सुविधा र कार्यक्रमको कारण सम्पत्तिको मूल्यमा फरक पर्दछ । करको दर पालिकाले दिने सेवासंग सामञ्जस्य गरेमा करदाताको कर तिर्ने चाहाना उच्च हुन जान्छ जस्तै शिक्षा, पूर्वाधारमा गरिने खर्च र स्वास्थ्य क्षेत्रमा गरिने खर्चका लागि कर संकलन गरेमा करदाताले बढि फाईदा लिन सक्ने भएकोले सो तिर्न स्वतस्पफूर्त लाग्दछने भन्ने सिद्धान्त रहेको छ । तर करको आधार तथा दर तय गर्दा कर तिर्न सक्ने क्षमताको आधारमा तय हुनुपर्दछ ।

घरजग्गाको मूल्याङ्कन प्रयोजनका लागि खासगरी देहाय बमोजिम वर्गिकरण गर्न सकिन्छ ।

१. आवासिय घर
२. सहायक घर
३. मूख्य उद्योग चलेको घरजग्गा
४. लघु तथा घरेलु उद्योग चलेको घरजग्गा
५. बनजंगल परिचालन गर्न बनेको घरजग्गा
६. कृषि फर्म वा कृषि उब्जनीका लागि प्रयोग गरिएको घरजग्गा
७. मनोरंजनका लागि निर्माण गरिएको घरजग्गा

कुनै घरजग्गा एक भन्दा बढि प्रयोजनका लागि प्रयोग गरिएको भए प्रतिशतको आधारमा कर निर्धारण गर्न सकिन्छ ।

## ३.८.१ सम्पत्ति कर सम्बन्धी व्यवस्था

स्थानीय सरकार संचालन ऐनको दफा ५५ अनुसार गाउंपालिका वा नगरपालिकाले एकिकृत सम्पत्ति कर लगाउन पाउने व्यवस्थाहरु रहेका छ । एकिकृत सम्पत्ति कर लगाउंदा घरजग्गाको आकार, प्रकार, बनौट, उपयोग वा अचल सम्पत्तिको उत्पादनशिल र उपयोगको अवस्था, नागरिकको जीवनस्तर आर्थिकस्तर कर तिर्ने क्षमताको आधारमा कर लगाउनु पर्ने व्यवस्था गरेको छ । अचल सम्पत्तिको प्रचलित बजार मूल्यको आधारमा कर लगाउने तथा ह्रास कट्टी तथा पालिका सभाले आवश्यक ठानेका अन्य विषयको आधारमा कर लगाउन पाउने व्यवस्था छ । सभाले मापदण्ड बनाएर एकिकृत सम्पति कर छुट दिने व्यवस्था रहेको छ ।

## ३.८.२ एकीकृत सम्पत्ति मुल्याङ्कन प्रकृया

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको कार्यविधिमा गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गालाई आवश्यकता अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका बासिन्दाको एकीकृत सम्पत्तिको विवरणको लगत कायम गर्न सक्ने व्यवस्था गरेको छ । उपरोक्त विवरण तयार एकीकृत सम्पत्तिको मूल्याङ्कनका लागि

गाउँपालिका/नगरपालिकाले दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ जनाको मूल्याङ्कन समिति गठन गर्नेछ ।

मूल्याङ्कन समितिले एकीकृत सम्पति कर लगाउनयोग्य मूल्य निर्धारण गर्न सिफारिस गर्दा देहायका आधारमा गर्नुपर्ने उल्लेख गरिएको छ ।

(क) एकीकृत सम्पत्ति कर लगाउनयोग्य मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने,

(ख) भौतिक संरचनाको मूल्य प्रचलित बजार भाउबाट कायम हुन आएको मूल्यमा ह्रासकट्टी गर्ने,

(ग) खण्ड (क) बमोजिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि ह्रासकट्टी गर्दा संरचनाको वनोटको आधारमा प्रत्येक तीन वर्षमा छ प्रतिशतदेखि बीस प्रतिशतसम्म गर्ने,

(घ) जग्गा बाहेक अन्य भौतिक संरचनाको मूल्याङ्कन दर संरचनाको बनोट, त्यसको आर्थिक उपयोगको महत्वको आधारमा मूल्य निर्धारण गर्ने,

(ङ) भौतिक संरचनाको मूल्य निर्धारण गर्दा क्षतिग्रस्त वा भत्केको अवस्था भएमा क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाउने ।

गाउंपालिकाको आर्थिक वर्ष २०७८।७९ को आर्थिक ऐनको व्यवस्था बमोजिम देहाय बमोजिम कर लगाउने व्यवस्था गरेको छ ।

**तालिका ११ : गाउंपालिकाको सम्पत्ति करको दर**

| | विवरण | दर रेट |
|---|---|---|
| कच्ची ढुङ्गाको गाह्रो माटोको जडान | खरको छाना | निशुल्क |
| | टायल, ढुङ्गा वा जस्ताको छाना एक तला | रु १०० |
| | टायल, ढुङ्गा वा जस्ताको छाना एक तला भन्दा माथि | रु १५० |
| पक्की घर सिमेन्ट जोडाई गाह्रो | टायल, ढुङ्गा वा जस्ताको छाना एक तला | १५० |
| | टायल, ढुङ्गा वा जस्ताको छाना एक तला भन्दा माथि | २५० |
| | सिमेन्ट ढलान छाना भएको एक तला (चार कोठासम्म) ग्राहो माटो वा सिमेन्ट | रु ५०० |
| | सिमेन्ट ढलान | प्रत्येक तलाको लागि रु १५० |

मल्लरानी गाउंपालिकाले करको दर तय गर्दा खरको छाना भएको घरको कर नलाग्ने व्यवस्था गरेको देखिन्छ । तर जस्ता छाना भएको घरको रु १५० सम्म कर लाग्ने व्यवस्था गरेको छ । टायल तथा ढुङ्गाको छाना भएको घरको २५० सम्म र सिमेन्टको ढलान भएको घरको चार कोठासम्मको रु ५०० र सिमेन्ट ढलानको प्रत्येक तलाको रु १५० लाग्ने व्यवस्था गरेको छ ।

### ३.८.३ घरजग्गाको प्रकृति तथा बनौट

मल्लरानी गाउंपालिमा केन्द्रिय तथ्याङ्क विभागको २०६८ को जनगणना अनुसार घरको प्रकृति र बनौट देहाय बमोजिम रहेको छ । साथै गाउंपालिकाको प्रोफाईल २०७५ अनुसार देहाय बमोजिम घरको संख्या रहेको छ । गाउंपालिकामा १५७९ घरहरु खरले छाएको अवस्थामा रहेका छन् । जस्ता पाताको छाना भएका तथा कच्ची माटोले बनेका घरहरु झण्डै २६०० को हाहाहारीमा रहेका छन् । केन्द्रिय तथ्याङ्क विभागले २०७८ सालमा गरेको जनगणना अनुसार घरधुरीको संख्या समेत बढ्न गएकोले यसको संख्या अझ बढ्न जाने देखिन्छ ।

**तालिका १२ : घर तथा भवनको संख्यात्मक विवरण**

| **घरको किसिम** | **घरको संख्या** |
|---|---|
| खरको छानाको कच्ची घर | १५७९ |
| जस्ता पाताको छानाको घर | २५९४ |
| पक्की घर | १९९ |
| घर भाडामा लागेको घर | १४० |
| | जम्मा |

### ३.८.४ अन्य पालिकाको मुल्याङ्कन प्रकृया

काठमांडौ नगरपालिकाले घरको बनावटको आधारमा मूल्याङ्कन दर रेट, आयू र ह्रासकट्टी दर निर्धारण गरेको छ ।

**तालिका १३ : भवनको मुल्याङ्कन सम्बन्धी व्यवस्था**

| **विवरण** | **मूल्याङ्कनको दर वर्ग फिट रु मा** | **ह्रसकट्टी दर** | **अधिकतम आयु** |
|---|---|---|---|
| माटोको जोडाई पाको इट्टा, काठको घर, प्रिफ्याव भवन | १५०० | ३ प्रतिशत | २५ वर्ष |
| पाको इट्टा ढुङ्गा माटोको जोडाई | १८०० | २ प्रतिशत | ३५ वर्ष |
| भित्र बाहिर पाको इट्टा सिमेन्ट जोडाई | २३०० | १.५ प्रतिशत | ५० वर्ष |
| स्टील स्टकचर्स | २४०० | २ प्रतिशत | ३५ वर्ष |
| आरसिसि फ्रेम स्टकर्स | २६०० | १ प्रतिशत | ७५ वर्ष |

श्रोत : आर्थिक ऐन २०७८, काठमाण्डौ महानगरपालिका

महानगरपालिकाले माटोको जोडाई भएको घरको मूल्याङ्कन दर रु १५००, ह्रासकट्टी दर ३ प्रतिशत, अधिकता आयू २५ वर्ष तोकिएको छ । पाको इट्टाको घरको मूल्याङ्कन दर रु १८०० ह्रासकट्टी दर दर २ प्रतिशत र आयू ३५ वर्ष तोकिएको छ । सिमेन्टको जोडाई भएको घरको मूल्याङ्कन दर २३००, ह्रासकट्टी दर १.५, स्टील स्टकर्स को रु २४००, ह्रासकट्टी २ प्रतिशत र आयू ३५ वर्ष रहेको देखिन्छ । आरसिसि फ्रेम स्टकर्स प्रति वर्ग फुट रु २६००, ह्रासकट्टी १ प्रतिशत, आयु ७५ वर्ष रहेको छ ।

**तालिका १४ : सम्पत्ति करको गणना प्रकृया**

| Types of Houses | Calculation | Value in Rs |
|---|---|---|
| Raw House | 1000 Sq*1500 Per sq ft | Xxxxx |
| | Less: Depreciation (…. ) | Xxxxx |
| | Net Amount | Xxxxx |
| | Add: Value of Land (00000*10) | Xxxxx |
| | Total Value | Xxxxxx |
| | Tax | Xxxxxx |
| | Total number of House Made | Xxxxx |

| | | |
|---|---|---|
| | Estimated amount | Xxxxx |
| RCC Frame structure | Value of a House 2600 Per sq ft * @3000 sq ft | Xxxxx |
| | Less: Depreciation 10 % | Xxxxx |
| | Net Amount | Xxxxx |
| | Add: Value of Land (50000*10) | Xxxxx |
| | Total Value of House (Value of House +Value of Land) | Xxxxx |
| | RCC Frame structure (number of houses) | Xxxxxx |
| | Total value of cemented house | Xxxxx |
| | Estimated Property tax (0.01%) | Xxxxx |

सम्पत्तिको मूल्याङ्कन गर्दा घरको क्षेत्रफलको आधारमा तोकिएको दरमा मूल्याङ्कन गर्ने सो मूल्यमा ह्रास कट्टी गर्ने ह्रास कट्टी गरिसकेको मूल्यमा जग्गाको मूल्य समेत थप गरी करको दर तय गर्नुपर्दछ । यहि एक जना भन्दा बढि घर एक जनाको नाममा भएमा एकैस्थानमा मूल्याङ्कन गरी कर लगाउने व्यवस्था हुनुपर्दछ ।

## ३.८.५ देखिएका मुख्य विषयहरु

मल्लरानी गाउंपालिकाका सम्पत्ति करका सम्बन्धमा खासगरी देहाय बमोजिमका विषयवस्तुहरु रहेका छन् ।

- गाउंपालिका डिजिटल प्रोफाईल को आंकडा र केन्द्रिय तथ्याङ्क विभागको २०७८ सालको जनगणना अनुसार घरधुरीको संख्याको मेल खाएको छैन । गाउंपालिकाको भन्दा केन्द्रिय तथ्याङ्क विभागको संख्या ४१२० रहेको छ ।
- घरधुरीको संख्या भएपनि घरको प्रकृति,घरको आयू, घरको प्रयोजन जस्ता विषयहरु तथ्याङ्क स्पष्ट रुपमा छैन ।

- भूमिको उपयोगगिताको आधारमा व्यवसायिक क्षेत्र, आवासिय क्षेत्र, कृषि क्षेत्र जस्ता क्षेत्रको रुपमा वर्गिकरण गर्नु उपयुक्त हुन्छ तर सो अनुसार भएको देखिदैन । सबै प्रयोजनका लागि भएको जमिनको वर्गिकरण गर्न उपयुक्त हुन्छ । जसको कारण भूमिमा निर्माण हुने उपयोगिता हुन जरुरी हुन्छ ।
- गाउंपालिकामा सबैभन्दा बढि क्षेत्रफल वनक्षेत्र रहेको छ । बन क्षेत्रको उपयोगिता कसरी गर्ने स्पष्ट खाका छैन ।
- सम्पत्ति कर लिंदा खासगरी भवन निर्माणको प्रकृतिको तला अनुसार कर लिएको देखिन्छ । यस व्यवस्थाको कारण बढि क्षेत्रफल भएको वा कम क्षेत्रफल घरको कर बराबर लाग्ने देखिन्छ ।
- भवन निर्माणको प्रयोजन फरक फरक भएमा फरक फरक मूल्याङ्कन गर्नु उपयुक्त हुन्छ । तर भवन निर्माण प्रयोजन खुलेको पाईदैन । जस्तै विद्यालय संचालन, कृषि फर्म संचालन, भाडा प्रयोजन, व्यवसायिक प्रयोजनमा प्रकृति खुलेमाल घरको निर्माण समेत फरक हुने भएकोले सो अनुसार गर्नु उपयुक्त हुन्छ ।
- एक जना व्यक्तिको एक भन्दा बढि एकै प्रकृतिको सम्पत्ति भएमा एकैस्थानमा ल्याएर कर लगाउनु उपयुक्त हुन्छ । सम्पत्ति मूल्य बढ्दै जांदा करको दर समेत बढ्दै जान्छ । आबसिय प्रयोजनका लागि मात्र प्रयोग भएको घरको समेसम्म छुट हुने किसिमले कर छुटको व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । ( गास, वास र कपास जस्ता आधारभूत आवश्यकता)
- आबासिय र व्यापारिक दुवै प्रयोजनका लागि प्रयोग गरिने भवन भएमा आवासिय प्रयोजनका लागि आवश्यकता भएजति कर छुट हुने व्यवस्था गर्ने र बांकी घरमा क्षेत्रफलको आधारमा कर लगाउन उपयुक्त देखिन्छ ।
- घरको निर्माणको प्रकृति अनुसार मूल्याङ्कन गर्ने र सोको आधारमा ह्रास कट्टी गर्दा भवन तथा निर्माण संरचनाको वास्तविक मूल्याङ्कन हुने र कर पनि सो आधारमा तय हुने भएकोले निर्माणमा ह्रास कट्टी हुने गर्नुपर्दछ ।

- निर्माण निर्माण सामाको प्रकृतिको आधारमा मूल्याङ्कन गर्ने साथै निर्माण सामाग्रीको प्रकृति भवनको मूल्याङ्कन हुंदा उपयुक्त मानिन्छ ।

## ३.१० भुमि कर

भूमिकरमा कर लिंदा साधारणत क्षेत्रफल वा सो क्षेत्रफलबाट प्राप्त हुनसक्ने प्रतिफलको आधारमा कर लिने गरिन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५६ बमोजिम गाउंपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यसको उपयोगको आधारमा भूमिकर लगाउने सक्ने व्यवस्था गरेको छ । गाउंपालिकाले भूमिको ५ वर्ग अब्बल, दोयाम, सीम, चाहार र खोरियाको रुपमा वर्गिकरण गरेको देखिन्छ । सोहि आधारमा करको दर समेत तोकेको छ । अब्बलमा सबैभन्दा बढि र क्रमश अन्य क्षेत्रमा करको दर कम गरेको देखिन्छ । आर्थिक ऐन २०७७।७८ र २०७८।७९ को व्यवस्था अनुसार देहाय बमोजिम भूमिकर लाग्ने व्यवस्था गरेको छ ।

**तालिका १५ : गाउंपालिकाको भुमिकरको दर**

| | खलंगा क्षेत्र | मूख्य सडकले छोएको | भित्रि सडकले छोएको | खलंगा र अन्य क्षेत्रको | अन्य क्षेत्र र भित्रि सडकको | खलंगा र भित्रि सडकको |
|---|---|---|---|---|---|---|
| अब्बल | 80 | 60 | 40 | 20 | 20 | 40 |
| दोयाम | 70 | 50 | 30 | 20 | 20 | 40 |
| सीम | 60 | 40 | 25 | 20 | 15 | 35 |
| चाहार | 50 | 30 | 20 | 20 | 10 | 30 |
| खरिया | 30 | 20 | 10 | 10 | 10 | 20 |
| | | | | | | |

अन्य क्षेत्र प्रति रोपनी

| | Upto 5 | 5-10 Ropani | 10-15 Ropani | 15-20 Ropani | Above 20 Ropani |
|---|---|---|---|---|---|
| अब्बल | 100 | 200 | 300 | 500 | 30 |
| दोयाम | 80 | 160 | 240 | 400 | 25 |
| सीम | 60 | 120 | 180 | 300 | 20 |
| चाहार | 40 | 80 | 120 | 200 | 15 |
| खरिया | 20 | 40 | 60 | 100 | 10 |
| Rate Rs in per ropani | | | | | |
| अब्बल | 20 | 20 | 20 | 25 | 30 |
| दोयाम | 16 | 16 | 16 | 20 | 25 |
| सीम | 12 | 12 | 12 | 15 | 20 |
| चाहार | 8 | 8 | 8 | 10 | 15 |
| खरिया | 4 | 4 | 4 | 5 | 10 |

श्रोत : आर्थिक ऐन २०७८।७९, मल्लरानी गाउंपालिका

उक्त आर्थिक ऐनको व्यवस्था अनुसार गाउंपालिकाको मूख्य क्षेत्र खलंङ्गा बजार क्षेत्रमा अब्बल, दोयाम, सीम, चाहार र खोरियामा प्रतिरोपानी रु ८०, ७०, ६०, ५० र ३० लाग्ने व्यवस्था गरेको छ । मूख्य सडकले छोएको जग्गामा रु ६०, ५०, ४०, ३०, २० लाग्ने व्यवस्था गरेको छ । भित्रि सडकले छोएको क्षेत्रमा सो भन्दा ४०, ३०, २५? २०, १० लाग्ने व्यवस्था गरेको छ । अन्य क्षेत्रमा रोपनीको अब्बलमा रु २०, दोयाम, सीम, चाहार र खोरियामा क्रमश २०, १६, १२, ८, ४ रुपैया लाग्ने गरेको छ । एउटै गाउंपालिकामा भएको अब्बल जग्गाको समेत प्रति रोपनी ६० रुपैयासम्म फरक रहेको छ । तर सामान्यत प्रतिफल खलंगा र अन्य स्थानको जग्गाको समान वा कुनै स्थानमा बढि पनि हुन सक्ने अवस्था रहन सक्दछ । भूमिकरको सम्बन्धमा खासगरी देहाय बमोजिम विषयवस्तु देखिएका छन् ।

मल्लरानी गाउंपालिकाको आर्थिक ऐन २०७८।७९ मा देहाय बमोजिम घरजग्गा कर लाग्ने व्यवस्था गरेको छ । उक्त जमिन मध्ये २९.२९ वर्गकिमी कृषि क्षेत्र ढाकेको छ । ३६ वर्गकिमि वनजंगलले ढाकेको

छ । ०.१६ प्रतिशत भूमि जलक्षेत्रले ओगटेको छ । पर्यटकिय, धार्मिक  हिसाबले समेत उच्च संभावना भएको क्षेत्र मल्लरानी रहेको छ । बांकी १४.९३ प्रतिशत जमिन आवादी वस्ती रहेको देखिन्छ ।

**तालिका १६ : गाउंपालिकाको भुमिकरको संभावयता**

| **किसिम** | **क्षेत्रफल वर्ग किमि** | **क्षेत्रफल रोपनी** | **करको दर रु मा** | **जम्मा कर रु मा** |
|---|---|---|---|---|
| कृषि क्षेत्र | २९.२९ | ५७५७४ | ४० प्रतिरोपनी | २३०२९५५ |
| बन क्षेत्र | ३६ | ७०७६३ | बनजन्य आम्दानी | |
| जलक्षेत्र | ०.१६ | ३१४ | प्राकृतिक श्रोत | |
| आवादी क्षेत्र | | | सम्पत्ति कर | |
| बांकी क्षेत्र | | | **जम्मा** | **२३०२९५५** |

१. भूमिकरको बजार मूल्यको आधारमा स्थान विशेषको आधारमा करको दर तोकिएको छ । करको दर अब्बल, दोयाम, चाहार, सिम र खोरियाको रुपमा फरक फरक करको दर तोकिएको छ । कृषि भूमिको उत्पादन हुनसक्ने क्षमताका आधारमा करको दर तोक्नु उपयुक्त नै देखिन्छ ।

२. करको दर तोक्दा सो क्षेत्रबाट हुने प्रतिशत वा उब्जालाई आधारमा करको दर तोक्नु उपयुक्त हुन्छ । जस्तै अब्बल जग्गा शहरी क्षेत्र वा ग्रामिण क्षेत्र जहां भए पनि करको समान हुनुपर्दछ ।

३. गाउंपालिकाले भूमिको वर्गिकरण गर्नु उपयुक्त हुन्छ । यहि कुनै व्यक्तिले कृषिजन्य भूमिमा भवन निर्माण चाहेमा उक्त जग्गाको मूल्याङ्कन हुने व्यवस्था हुनुपर्दछ ।

कृषिजन्य भूमि भएपनि कृषि उब्जनी नगरी बाझैभएपनि उत्पादन भए सरह कर लिनुपर्दछ ।

## ३.११ व्यवसाय कर

स्थानीय सरकार संचालन ऐनको दफा ५८ ले गाउंपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूंजीगत लगानी वा आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउन पाउने व्यवस्था गरेको छ । मल्लारानी गाउंपालिकाको आर्थिक ऐनको व्यवस्था अनुसार व्यवसाय कर लगाउंदा विभिन्न कारोवारको वर्गिकरण गरी रु ५०० देखि ३५ हजारसम्म कर लगाउन सक्ने व्यवस्था गरेको छ । व्यवसाय कर कारोवारको आधारमा भन्दा पनि बढि ध्यान व्यवसायको किसिममा दिएको देखिन्छ । साथै व्यवसाय कर लिंदा ग्रामिण र शहरी क्षेत्रका लागि फरक फरक करको दर तोकेको देखिन्छ ।


**तालिका १७ : उद्योग व्यवसाय र कलकारखाना**

| | Mallarani | | Pyuthan | | Naubahini | | |
|---|---|---|---|---|---|---|---|
| | Establishment | Engaged | Esta | Engaged | Esta | Engaged | |
| Agrciulture, Fishing and Foresty | 32 | 90 | 59 | 532 | 50 | 337 | 2.813 |
| Manufacturing | 52 | 99 | 123 | 288 | 48 | 79 | 1.904 |
| Mining/Gas/water supply | 16 | 28 | 14 | 168 | 5 | 23 | 1.75 |
| Wholesale/Retail | 193 | 496 | 608 | 1404 | 371 | 597 | 2.57 |
| Transport | 7 | 229 | 11 | 48 | 3 | 11 | 32.71 |
| Total | 300 | 942 | 815 | 2440 | 477 | 1047 | 3.14 |
| Average | | 3.14 | | 2.99 | | 2.19 | |
| | | | | | | | |

श्रोत: आर्थिक गणना, २०१८, केन्द्रिय तथ्याङ्क विभाग

केन्द्रिय तथ्याङ्क विभागको २०१८ सालको आर्थिक गणना अनुसार मल्लारानी गाउंपालिकामा कुल ४४७ व्यवसाय संचालन रहेका र सोबाट २२२८ जनाले रोजगारी पाएको देखिन्छ । गाउंपालिकामा संचालनमा रहेका ३०० भन्दा बढि व्यवसायले औषतमा ३ जना भन्दा बढि व्यक्तिलाई रोजगारी दिईरहेका छन् । गाउंपालिकामा खाद्यान्न सेवासंग सम्बन्धित ५० वटा, वित्तिय तथा बीमासंग सम्बन्धित १३ वटा,

शिक्षासंग सम्बन्धित ३२ वटा, मानविय स्वास्थ्य तथा सामाजिक सुरक्षामा ८ र घरजग्गा लगायतका व्यवसायमा ४४ भन्दा बढि संचालन भएको देखिन्छ ।




| | 1 person | 2 person | 3-9 person | 10 person |
|---|---|---|---|---|
| Pyuthan | 359 | 425 | 364 | 100 |
| Mallarani | 105 | 144 | 139 | 59 |
| Naubahini | 236 | 254 | 88 | 38 |

केन्द्रिय तथ्याङ्क विभागले आर्थिक वर्ष २०१८ मा गरेको आर्थिक गणनामा मल्लरानी गाउंपालिकामा १ जना भन्दा कम रोजगारी भएका १०५ जना, २ जना रोजगारी भएका १४४, ३–९ जना रोजगारी भएका १३९  र १० वा सो भन्दा बढि रोजगारी दिने व्यवसाय संचालनमा रहेको देखिन्छ । व्यवसायको आयबाट साधारणत न्यूनतम पनि देहाय बमोजिम कर संकलन गर्न सकिन्छ ।

**तालिका १८ : गाउंपालिकाको व्यवसाय करको संभाव्यता**

| व्यवसायको किसिम | संख्या | दर रु | जम्मा रकम रु |
|---|---|---|---|
| १ जना रोजगारी | १०५ | २००० | २१००० |
| २ जना रोजगारी | १४४ | ४००० | ५७६००० |
| ३–९  जना रोजगारी | १३९ | ८००० | १११२००० |
| १० जना भन्दा बढि | ५९ | १२००० | ७०८००० |
| | | जम्मा | २६०६००० |

## ३.१२ घर बहाल करको व्यवस्था

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ बमोजिम गाउंपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यसको उपयोगको आधारमा बहाल कर लगाउन सक्ने व्यवस्था गरेको छ । गाउंपालिका भित्रका घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा भाडामा लगाएमा १० प्रतिशत बहाल कर लगाउने व्यवस्था रहेको छ । घर बहालको कर सम्बन्धमा खासगरी देहाय बमोजिमका विषयवस्तुहरु देखिएका छन् ।

- घर बहालको करका लागि घर भाडामा हुन पर्ने अवस्था हुनुपर्दछ ।
- घर बहालका लागि आबासिय क्षेत्र, व्यापारिक क्षेत्र वर्गिकरण गर्नुपर्दछ । यसले घर बहालको न्यूनतम दर तोक्न समेत सहयोग गर्दछ । व्यापारिक क्षेत्र र आवासिय वा अन्य औद्योगिक क्षेत्रका फरक फरक बहाल तोक्न समेत सहज र न्यायिक हुन सक्दछ । बहाल करलाई प्रगतीशिल करको रुपमा लैजान सकिन्छ । संस्थागत बहाल करको लागि संघिय करको क्षेत्राधिकार पर्न सक्ने वा स्थानीय तहको क्षेत्राधिकार भित्र पर्दछ भन्ने विवादको विषय रहेको छ ।

- जग्गाको भाडाको तय गर्दा जग्गाको प्रयोजन जस्तै प्राथमिक क्षेत्र र अन्य क्षेत्रका लागि फरक फरक मूल्याङ्कन गर्न सकिन्छ ।
- सरकारी, सरकारी स्वामित्वमा भएका जग्गा वा भवनहरुको छुट्टै अभिलेख गर्नुपर्दछ साथै के आधारमा कर छुट दिएको सबैको सूचना दिनु उपयुक्त हुन्छ ।

## ३.१३ प्राकृतिक क्षेत्रको उत्पादन

प्राकृतिक श्रोतको कारण बढिसन्दा बढि फाईदा स्थानीय स्तरमा हुनुपर्दछ । तर प्राकृतिक श्रोतको असमान वितरणको कारण केन्द्रिय स्तरमा राख्नु उपयुक्त देखिन्छ । तर प्राकृतिक श्रोत अधिकांश स्थानमा पाईने स्थानमा स्थानीय तहले व्यवस्थापन र नियमन गर्नु उपयुक्त देखिन्छ । स्थानीय सरकार संचालन ऐनको ६४ (१) च व्यवस्था अनुसार ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, खरिढुङ्गा,दहत्तर बहत्तरमा प्राकृतिक श्रोतको कर र प्रकृया प्रदेशले निर्धारण गर्ने र गाउंपालिका वा नगरपालिकाले संकलन गर्ने व्यवस्था गरेको छ । पर्वतारोहण शुल्क, राष्ट्रिय निकुञ्ज,वन्यजस्तु आरक्षण र संरक्षण क्षेत्रको प्रवेश शुल्कको निर्धारण र संकलन नेपाल सरकारले गर्ने व्यवस्था गरेको छ । सो श्रोतबाट संकलन

राजस्वको उत्पतिको आधार, राजस्व संकलन लागत, प्रदेश वा पालिकाले पुराउनु पर्ने सेवाको क्षेत्र, गरिबी, स्थानीय क्षेत्रगत असन्तुलन, असमानता न्यूनिकरण लगायतका अन्य आवश्यक आधारको आधारमा रकमको बांडफांड गर्न सकिने व्यवस्था रहेको छ ।

गउंपालिकामा करिब ०.१६ प्रतिशत भूभाग खोलानाला भएको देखिएको छ । यस क्षेत्रवाट हुने आयको अनुमान गरी कार्यान्वयन गर्ने कर लगाउने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

## ३.१४ कर सम्बन्धी पूनरावलोकनको व्यवस्था

घरजग्गाको मूल्याङ्कन गर्दा उक्त घरजग्गाको प्रयोजन वा मूल्य वा त्यस घरजग्गाले निर्णय पुनरावलोकनका लागि खासगरी देहाय बमोजिमका प्रकृयाहरु अबलम्बन गर्न सकिन्छ ।

१. निर्णयमा चित्त नबुझेमा सम्बन्धित पालिकाको राजस्व संकलनका लागि निवेदन दिन सक्ने व्यवस्था गर्न सकिन्छ । राजस्व शाखाले पुन परिक्षण गरी निर्णयमा केहि सुधार गर्नुपर्ने देखिएमा सुधार गर्न सक्दछ । यसका बढि ३० दिनको समय राख्न सकिन्छ ।

२. राजस्व शाखाको निर्णयमा चित्त नबुझेमा कुनै विज्ञ समेत रहेको एक समिति गठन गर्न सक्दछ । उक्त समितिमा निवेदन दिन सकिने व्यवस्था गर्नुपर्दछ । उक्त समितिको निर्णयमा समेत चित्त नबुझेमा सम्बन्धित अदालतमा निवेदन दिन सकिने व्यवस्थ ागर्न सकिन्छ ।

खासगरी पुनरावलोकनको लागि देहाय बमोजिमका क्षेत्रमा निवेदन दिन सकिन्छ ।

१. अन्य कुनै व्यक्तिको राजस्व र आफ्नो करको दर वा मूल्याङ्कनको दरमा फरक परेमा

२. घर जग्गाको क्षेत्रफल फरक परेमा वा कम कर लाग्ने व्यवस्था भएकोमा बढि करको दर लाग्न गएमा ।

३. घरजग्गाको वा सोमा निर्माण भएको घरको वास्तविक मूल्याङ्कन नभएमा

४. घरजग्गाको वर्गिकरण वास्तविक रुपमा नभएमा

५. पाउनुपर्ने छुट वास्तविक रुपमा नपाएको भएमा ।

पालिकाको निर्णयमा चित्त नबुझेमा पुनरावलोकनको समेत निर्णय गर्न करदाताले निवेदन दिन सकिने व्यवस्था हुनुपर्दछ । स्थानीय कर किस्तामा तिर्न सकिने व्यवस्था गर्न सकिन्छ । तर निश्चित प्रतिशत ब्याज भने लिने व्यवस्था गर्नुपर्दछ ।

# परिच्छेद : चार

# राजस्व सुधार कार्ययोजना

पूर्व अध्ययन, सन्दर्भ सामाग्रीको, गाउंपालिकाका पदाधिकारी, विज्ञहरु साथसाथै सरोकारबालासंगको राय राय सुझावको आधारमा राजस्व सम्बन्धी योजना देहाय बमोजिम उपयुक्त देखिएको छ ।

## ४.१ गाउंपालिकाको राजस्व सुधार कार्ययोजना

राजस्व सम्बन्धी विद्यमान व्यवस्थामा सुधार गर्न खासगरी देहाय बमोजिम कृयाकलापहरु प्रस्ताव गरिएको छ ।

**राजस्व सुधार कार्ययोजना**

| करतथा गैरकरका क्षेत्रहरु | कृयाकलापहरु | समायावधि | जिम्मेवारी |
|---|---|---|---|
| नक्सापास सम्बन्धी व्यवस्था | – सबै घरधुरीको लगत अद्यावधिक गर्ने ।<br>– विद्युतिय लगतको विवरण तयार गर्ने ।<br>– नक्सापास नभएका करदातालाई अद्यावधिक गर्न निश्चित समय उपलब्ध गराउने ।<br>– वडा कार्यालय मार्फत जानकारीमूलक कार्यक्रम संचालन गर्ने<br>– अद्यावधिक भए नभएको अनुगमनको व्यवस्था ।<br>– घर सम्पन्न भएको प्रमाण नभई सिफारिस बिक्री वितरण गर्न नपाउने व्यवस्था गर्ने । | २०७९ भाद्र मसान्त सम्म | गाउं सभा<br>प्रमुख कार्यकारी अधिकृत<br>कार्यपालिका<br>गाउंपालिका अध्यक्ष |
| सम्पति कर सम्बन्धी व्यवस्था | – कर नलाग्ने Threshold को व्यवस्था ( आर्थिक ऐन मार्फत)<br>– घर निर्माणको किसिम र बनोट क्षेत्रफल समेत संख्या एकिन गर्ने ।<br>– सम्पति कर सम्बन्धी विद्यमान व्यवस्थालाई | २०७९ असार मसान्त<br>२०७९ कार्तिक | गउं सभा<br>राजस्व परामर्श समिति |

| करतथा गैरकरका क्षेत्रहरु | कृयाकलापहरु | समायावधि | जिम्मेवारी |
|---|---|---|---|
| | पुनरावलोकन गर्ने ।<br>– निर्माण लागतको प्रक्षेपण र आयुको एकिन गरी सोहि आधारमा मूल्याङ्कनको व्यवस्था मिलाउने ।<br>– घरको बनावटको आधारमा करका दर, ह्रासकट्टी तय गर्ने सम्बन्धी विवरणहरुको पुनरावलोकन गर्ने ।<br>– घरले चर्चेको जग्गाको परिभाषा गरी भूमि कर सम्बन्धी र सम्पत्ति कर लाग्ने सम्पत्तिको वर्गिकरण गर्ने ।<br>– घर तथा जग्गाको न्यूनतम मूल्याङ्कन कायम गर्ने ।<br>– कर सम्बन्धी व्यवस्थामा भएका परिवर्तनलाई जानकारीमुलक कार्यक्रम आयोजना गर्ने ।<br>– पालिकाभित्र भएका सबै घरजग्गाको एकिकृत अभिलेख तयार गरी कर लगाउने व्यवस्था गर्ने । | मसान्तसम्म | प्रमुख कार्यकारी अधिकृत<br>राजस्व शाखा |
| व्यवसाय कर सम्बन्धी व्यवस्था | – सबै व्यवसायको अभिलेखन गर्ने ।<br>– दर्ता नभएका व्यवसायीहरु दर्ताका लागि प्रोत्साहित गर्न कर शिक्षा कार्यक्रम संचालन गर्ने ।<br>– दर्ताका लागि प्रोत्साहित गर्न वडास्तरिय कर शिविरको आयोजना गर्ने ।<br>– कर नतिर्ने व्यवसायीलाई पालिकाको सेवावाट बञ्चित गर्ने र उच्च जरिवानाको व्यवस्था गर्ने ।<br>– व्यवसायको प्रकृति र कारोवारको आकारको आधारमा करको दरको पुनरावलोकन गर्ने ।<br>यस सम्बन्धी विस्तृत विवरण अनूसूची रहेको छ । | २०७९ भाद्र मसान्त | |
| घर बहाल कर | – बहालमा लगाईएको घरको संख्या एकिन गर्ने र अभिलेखन गर्ने ।<br>– बक्यौता भएको करको लागि विशेष सूचना गर्ने ।<br>– करका दरमा पुनरवलोकन गर्ने ।<br>– बहाल रकमको न्यूनतम दरलाई अद्यावधिक गर्ने । | २०७९ भाद्र मसान्त | |
| प्राकृतिक श्रोत गिट्टी ढुङ्गा र बालुबा व्यवस्थापन | – प्राकृतिक श्रोतको आवश्यकता तथा उत्खलनको अनुमान तयार गर्ने ।<br>– हालको दरमा पुनरावलोकन गर्ने ।<br>– ठेक्का लगाईएकोमा निरन्तर अनुगमन गर्ने । | आयश्रोतको उल्लेख गरी राजस्व अनुमान | प्रमुख कार्यकारी तथा राजस्व परामर्श समिति |
| जडिवुटीमा लाग्ने कर | – वास्तविक तथ्याङ्कको एकिन गर्ने<br>– हालको करको दर बढाउने ।<br>– बढेको करको एक कोष स्थापना गरी प्रशोधनका लागि | २०७९ असोज मसान्त | प्रमुख कार्यकारी अधिकृत |

| करतथा गैरकरका क्षेत्रहरु | कृयाकलापहरु | समायावधि | जिम्मेवारी |
|---|---|---|---|
| | अनुदान दिने कोषको स्थापना गर्ने । | | कार्यपालिका |
| सूचना प्रविधिको अद्यावधिक गर्ने | – राजस्व शाखा अन्यशाखाको सेवाको सामञ्यस्ता कायम गर्ने ।<br>– सबै शाखाहरुको अन्तरआवद्धता कायम गर्ने<br>– राजस्व सम्बन्धी कर संकलन गर्दा कम्प्युटर बीलको प्रयोग गर्ने<br>– केन्द्रले निर्देशन जारी गरे अनुसार शिर्षकको आधारमा स्पष्ट तथ्याङ्क पाउने व्यवस्था गर्नु पर्ने । | २०७९ असोज | कार्यपालिका तथा प्रमुख कार्यकारी अधिकृत |
| ऐन नियमको निर्माण | – एकिकृत राजस्व ऐनको व्यवस्था गर्ने<br>– कानूनको राजपत्रमा प्रकाशित गरेपछिमात्र लागु हुने व्यवस्था गर्ने<br>– उक्त कानूनमा लाग्ने ब्याज, जरिवाना र पुनरावलोकन सम्बन्धी व्यवस्था समेत समेटिने व्यवस्था | २०७९ फागुन मसान्त सम्म | गाउं सभा कार्यपालिका |
| प्रभावकारी राजस्वशाखाको संचालन | – शाखालाई आवश्यक विद्युतिय प्रणालीको विकास गर्ने ।<br>– राजस्व शाखामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गर्ने ।<br>– राजस्व चुक्ता नभएसम्म पालिकाबाट हुने कुनै पनि सेवा उपलब्ध नहुने प्रणालीको विकास गर्ने । | २०७९ साल श्रावण मसान्तसम्म | कार्यपालिका अध्यक्ष, प्रमुख कार्यकारी |

## ४.२ आगामी तीन वर्षको राजस्व प्रक्षेपण

### ४.२.१ राजस्व सूधार कार्ययोजनाको आधारमा

..

## ४.३ निष्कर्ष र सुझावहरु

मुलुकको संघिय संविधानले केन्द्र, प्रदेश र स्थानीय तहलाई विभिन्न किसिमका करहरु अधिकार दिएको छ । संविधानले स्थानीय तहलाई स्थानीय प्रकृतिका खासगरी सम्पत्ति र सेवाको आधारमा सेवा शुल्कस्वरुप लिन मिल्ने करहरु लिन पाउने एकलौटी अधिकार दिएको छ । साथसाथै संघिय सरकार र प्रदेश सरकारले लिएका करमा समेत बांडफांड स्वरुप कर लिन पाउने वा करको नीति निर्माण, कर निर्धारण र असुल उपर गर्ने अधिकार दिएको छ । गाउंपालिकाले संविधानले दिएको अधिकार क्षेत्रभित्र रहि विभिन्न करको आधार तथा करको दरको निर्धारण गरेको छ । संविधानले दिएका केहि करहरु प्रभावकारी रुपमा कार्यान्वयनमा रहेका छन् । केहि करहरु कार्यान्वयनका चरणमा रहेका छन् । स्थानीय तह निर्वाचनको ५ वर्षे कार्यकाल समेत समाप्त भई नयां निर्वाचन समेत भएको छ । स्थानीय निकायहरुले कर संकलन गर्ने व्यवस्था संघियता पूर्वको व्यवस्था भएपनि संघिय संविधानमा करको दायरा, दर र प्रकृया निर्धारण लगायत संकलन समेतको अधिकार स्थानीय तहले पाएको छ । साथै स्थानीय तहले प्रदेश तहका कर संकलन समेत गर्नुपर्ने भएकोले सक्षम स्थानी तह आवश्यक पर्दछ । सोहि आधारमा गाउंपालिकाले लगाएको करको प्रभावकारिता तथा संभावित जोखिम समेत पहिचान गर्नुपर्ने आवश्यकता देखिएकोले यो प्रतिवेदन तयार गरिएको छ ।

गाउंपालिकाले संकलन गरेका अधिकांश करहरुमा स्थानीय सरकार संचालन ऐन तथा संविधानले निष्दिष्ट गरेका सैद्धान्तिक तथा प्रकृयागत पक्षहरु अंगालेको देखिन्छ । गाउंपालिकाले झण्डै कुल बजेटको ४ प्रतिशत आन्तरिक राजस्व परिचालन गरिरहेको छ । करका व्यवस्थामा हुनु पर्ने कानूनी संरचना तथा सैद्धान्तिक पक्षहरु समेटीएको छ तर करको दर निर्धारण तथा कार्यान्वयनमा खासगरी देहाय बमोजिमका सिमितता देखिएका छन् ।

१. अधिकांश तथ्याङ्कहरु दोश्रो श्रोतबाट संकलन गरिएका छन् । यथार्थ तथ्याङ्कको कारण राजस्वको संभावनालाई अनुमान गर्न कठिन भएको छ ।

२. सूचना प्रविधिलाई प्रभावकारी रुपमा प्रयोग ल्याउंदा अभिलेखिकरणमा केहि समस्या देखिएका।

३. विशेषज्ञता भएको राजस्वको शाखा कमि भएको देखिन्छ ।

४. करका संकलन र करको प्रयोगको सम्बन्धमा करदाता सूसूचित नहुंदा स्वच्छिक रुपले कर तिर्ने वातावरण बनिसकेको अवस्था देखिदैन ।

५. करका दर, प्रकृया तथा कार्यान्वयनमा न्यायिक बनाउंदा कर सहभागिता बढ्न जाने देखिन्छ ।

६. स्थानीय निकायहरुले लिने करलाई सेवासंग सामञ्जस्यता कायम गरेमा कार्यान्वयन बढि प्रभावकारी हुन सक्ने देखिन्छ ।

गाउंपालिका जिल्लाकै सदरमुकाम समेत भएको र भविष्यका दिनमा समेत प्रचुर रुपमा आर्थिक गतिविधि बढ्न सक्ने भएकोले राजस्वका निकै उच्च संभावना भएको क्षेत्र हो । यसका लागि खासगरी देहाय बमोजिम गर्नु उपयुक्त देखिन्छ ।

१. स्थानीय निकायहरुको अचल सम्पत्तिमा लाग्ने कर सबैभन्दा भरपर्दो श्रोत भएकोले कुल आन्तरिक करको न्यूनतम ४० प्रतिशत राजस्वको श्रोतको विकसित गर्ने गरी करको अनुमान गर्ने ।

२. अचल सम्पत्तिको तथ्याङ्क यर्थाथपरक हुन सकेमा राजस्वको सहि अनुमान गर्न सकिने साथै हालको विद्यमान अवस्थामा अचल सम्पत्तिको आधारमा सम्पत्ति कर, घर बहाल कर, व्यवसायिक कारोवार, नक्सापास दस्तुर समेत तय हुने भएकोले करका श्रोतहरुको यर्थाथ जानकारी पाउने आधार बनाउने ।

३. व्यवसायिक कर उच्च हुंदा पूंजि चलाएमान हुन सक्ने भएकोले अन्य स्थानमा लगाईएको करको आधारमा करको दर तय गर्ने ।

४. व्यवसायको पूंजिको आधारमा मात्र कर लगाउंदा न्यूनपूंजि भई उच्च कारोवार वा आम्दानी हुने व्यक्तिहरु कम करको भार हुने भएकोले व्यवसायिक कर तय गर्दा बढि आम्दानी भएका व्यक्तिलाई बढि कर भार पर्ने प्रगतीशील करको आधारमा करको दर तय गर्ने ।

५. करको उदेश्य सामाजिक न्याय स्थापना गर्ने भएकोले सामाजिक न्यायका दृष्टिकोणले नकारात्मक वस्तुहरु जस्तै चुरोट, मदिरा, वातावरणिय दृष्टिकोणले अनुपयुक्त वस्तुहरुमा उच्च करको भार लगाउने । जस्तै मदिराको कारोवारमा उच्च कर लगाउने, मदिरा प्रयोग गर्ने होटेलमा बढि करको भार लगाउने, आधारभुत वस्तुहरुको कारोवार गर्ने व्यवसायीहरुले प्रकृयागत, करका दर न्याय भएको महशुस गर्ने गरी तय गर्ने ।

६. संकलन गरेको कर करदाताकै फाईदाका लागि हो स्पष्ट सन्देश दिन कर संकलनका फाईदा समेत समेटी कर शिक्षा अभियानकै रुपमा संचालन गर्ने ।

७. कर रकम भन्दा करदाताले कर तिर्न लाग्ने लागत उच्च हुने अवस्थामा वा गाउंपालिकाकै अति उच्च लागत लाग्न सक्ने भए सोहि बमोजिमका करहरु नलगाउने ।

८. दण्ड र जरिवाना सालवसाली रुपमा ल्याउने आर्थिक ऐनले तय गर्नुभन्दा विशेष राजस्व ऐन ल्याउने सोको आधारमा राजस्वको प्रशासन गर्ने व्यवस्था गर्ने र आर्थिक ऐनले करको दर तथा आधारमात्र तयार गर्दा बढि उपयुक्त हुने देखिन्छ ।

**सन्दर्भ सामाग्री**


- आर्थिक ऐन २०७८।७९, मल्लारानी गाउंपालिका, प्यूठान, लुम्बिनी प्रदेश ।
- आर्थिक ऐन २०७८।७९, काठमांडौ महानगरपालिका काठमांडौ ।
- आर्थिक ऐन २०७७।७८, मल्लारानी गाउंपालिका, प्यूठान, लुम्बिनी प्रदेश।
- आर्थिक ऐन २०७६।७७, मल्लारानी गाउंपालिका, प्यूठान, लुम्बिनी प्रदेश
- विनियोजन ऐन २०७८।७९, मल्लारानी गाउंपालिका, प्यूठान, लुम्बिनी प्रदेश
- विनियोजन ऐन २०७७।७८, मल्लारानी गाउंपालिका, प्यूठान, लुम्बिनी प्रदेश
- विनियोजन ऐन २०७६।७७ मल्लारानी गाउंपालिका, प्यूठान, लुम्बिनी प्रदेश
- नेपालको संविधान २०७२, नेपाल कानून आयोग, काठमांडौ ।
- स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल कानून आयोग, काठमांडौ ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल कानून आयोग, काठमांडौ ।
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, नेपाल कानून आयोग, काठमांडौ ।
- व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ ।
- राजस्व सुधार कार्ययोजना दिग्दर्शन, २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ ।
- स्थानी तहको कर तथा गैरकर सम्बन्धी कानूनको नमुना २०७४, अर्थमन्त्रालय
- घरजग्गा बहालकर कार्यविधि २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ ।
- एकिकृत सम्पत्ति नमुना कार्यविधि, २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ ।

- गाउंपालिकाको प्रोफाईल २०७५, मल्लारानी गाउंपालिका, प्यूठान, लुम्बिनी प्रदेश
- नीति तथा कार्यक्रम, २०७७।७८ मल्लारानी गाउंपालिका, प्यूठान, लुम्बिनी प्रदेश।
- नीति तथा कार्यक्रम, २०७७।७८ मल्लारानी गाउंपालिका, प्यूठान, लुम्बिनी प्रदेश।
- नीति तथा कार्यक्रम, २०७६।७७, मल्लारानी गाउंपालिका, प्यूठान, लुम्बिनी प्रदेश ।

# अनूसुचीहरु

## अनुसुची १ : गाउंपालिको व्यवसायिक करको दर

| व्यवसायको विवरण | दर(रु) मा |
|---|---|
| मोबाईल मर्मत केन्द्र, विलाशितका वस्तुहरु गिफ्ट हाउस, ब्यूटी पार्लर कस्मेटिक पसल, गिफ्ट हाउस,शैलुन, सर्भेयर, पशु चिकित्सक, बीमा एजेण्ट, घरेलु चक्की मिल, ढुङ्गा सिलेट, मैनबत्ती उद्योग, साना चिया नास्ता होटेल, साईकल, रेडियो, टिभी, प्रेशर कुकर, हिटर, टेलिफोन, मोबाईल मर्मत केन्द्र, सेक्रेटिरियल सेवा, माछापालन व्यवसाय, कृषि पशुपंक्षी व्यवसाय, तरकारी पसल, मासु बिक्रेता, माछा बिक्रेता, घरेलु फलाम उद्योग परम्परागत आरन व्यवसाय बाहेक, नर्सरी उद्योग | ५०० |
| कम्प्युटर मर्मत केन्द्र, इलेक्ट्रोनिक तथा विद्युतिय सामाग्री मर्मत केन्द्र,खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुहरु फुटकर बिक्रेता, कबिराज, फोटोकपी, फोटो ग्राफी | ७०० |
| कम्प्युटर फुटकर बिक्री केन्द्र, मोबाईल फुटकर बिक्रेता, इलेक्ट्रोनिक तथा विद्युतिय सामाग्री फुटकर बिक्री केन्द्र, गहना मर्मत, सूर्ति मदिरा फुटकर बिक्रेता, डाक्टर, इन्जीनियर, लेखापढि व्यवसाय, अधिवक्ता, घ वर्ग लेखापरिक्षक, कम्प्युटर एनालिस्ट प्रोग्रामर, अनुवादक, पुल हाउस, साना ढुवानी गर्ने व्यक्ति कम्पनी तथा कुरियर व्यवसाय, सिमेन्ट ब्लक उद्योग सेवा, चाउमिन उद्योग, पाउरोटी उद्योग, कुटानी पिसानी मात्र, सटिङ्ग सुटिङ्ग बाहेक साधारण टेलरिङ्ग,साबुन उद्योग, दालमोट उद्योग, जुत्ता निर्माण तथा मर्मत, प्रयोगशाला ल्याब, रिचार्ज कार्ड थोक बिक्रेता, पत्र पत्रिका बिक्री, निजी आसासिय मावि, ट्युशन कोचिङ मावि तह, सहकारी बचत तथा ऋण परिचालन समुह (छ लाखभन्दा बढि कारोवार), औषधी व्यवसाय खुद्रा तथा फुटकर, टायर मर्मत, विज्ञापन सेवा, साईनबार्ड बनाउने, पेन्टिङ सेवा, स्वदेशी रोजगारी कार्यालयको प्रधान कार्यालय, पशु बधशाला, रागां, खसी र बंगुरको मासु बिक्रेता, कुखुरा पालन व्यवसाय, चल्ला दाना बिक्रेता, फलफुल तथा जुस डिलर व्यवसाय, ग्रिल उद्योग, मोटर साईकल पार्टस बिक्रेता डिलर साईकल पसल,गल्ला पसल,कलर ल्याब,साइवर क्याफे | १००० |
| कम्प्युटर थोक बिक्री केन्द्र, मोबाईल थोक बिक्री केन्द्र, सोलार सिस्टम बिक्री तथा जडानपाता इन्भटर, ब्याट्री, बिक्री तथा जडान, इलेक्ट्रोनिक तथा विद्युतिय सामाग्री थोक बिक्री, कांचो कपडा तथा फेन्सी फुटकर बिक्रेता, खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुहरु थोक बिक्रेता, ग्यास वेल्डिङ, दन्त्य चिकित्सक, अनुसन्धानकर्ता तथा परामर्शदाता, ग श्रेणीको, होटेल एण्ड लज, निजी क्षेत्रको टेलिफोन फ्याक्स सेवा, फोटोकपी, मोबाईल, इमेल इन्टरनेट, रेडियो पेजिङ, कुरियर सेवा, २५० वाटसम्मको रेडियो सेवा, निजी स्कुल आसासिय १–८ सम्म, टियूसन सेन्टर मा.वि भन्दा माथि, हलुका सवारी मर्मत केन्द्र, एग्रोभेट,सिसा प्याईउड बिक्रेता, भांडाकुंडा बिक्रेता , लोक दोहारी सांझ , कन्सल्टेन्सी नविकरण | १५०० |
| फर्निचर तथा फर्निसिङ फुटकर बिक्रेता, कांचो कपडा तथा फेन्सी पसल थोक बिक्रेता,<br><br>फर्निचर उद्योग, सुनचांदी फुटकर बिक्री, सूर्तिजन्य तथा मदिरा थोक बिक्रेता, लेखा परिक्षक ग वर्ग, उत्पादनमूलक बोरा उद्योग, फर्निचर उद्योग, स्किन प्रिन्ट, टेलरिङ, एम रेडियो २५० वाट देखि ५०० क्षमता सम्म, निजी माबि विद्यालय, तयारी कक्षा, डाक्टर, सामान ढुवानी व्यक्ति तथा कम्पनी, सिमेन्ट ब्लक उद्योग, रिजार्च कार्य थोक बिक्री, स्थानीयस्तरबाट | २००० |

| व्यवसायको विवरण | दर(रु) मा |
|---|---|
| संचालित टेलिभिजन (२५० देखी वाटसम्म, कम्प्यूटर सिकाई प्रशिक्षण केन्द्र, भाषा प्रशिक्षण केन्द्र, तयारी कक्षा विभिन्न आयोग तथा परिक्षा, विदेशी मुद्रा सहटी गर्ने कम्पनी वा शाखा, मनी ट्रान्सफर रेमिटान्स सम्बन्धी सेवा गर्ने कम्पनी, धितोपत्र सम्बन्धी कारोवार गर्ने कम्पनी वा शाखा, मोटर्स बिक्री ग्यास बिक्री, कवाडी व्यवसाय, ग्यास डिलर, टायर रिसोलिङ, पुस्तक तथा स्टेशनरी थोक बिक्रेता, ग्रिल उद्योग, , लोक दोहोरी साँझ व्यवसाय, ग्यास डिलर, लोक दोहोरी साँझ | |
| जडिबुटि खरिद केन्द्र | २५०० |
| फर्निचर तथा फर्निसिङ थोक बिक्रेता, निर्माण सामाग्री वा हार्डवेयर फुटकर बिक्रेता, चुरोट मदिरा डिलर, कोरा वा अर्धप्रशोधित माल वा खेर गैरहेको मालसामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग व्यवसाय, लेखा परिक्षक ख वर्ग, कापी उद्योग, समिल, ख वर्गको एटेच बाथरुम, तालिम हल, टिभी सुविधा भएको होटेल लज, फ्लेक्स प्रिन्ट, शित भण्डार, खोटो व्यवसायी, निजी उच्च मावि, निजी क्याम्पस, तालिम अनुसंन्धान सिप विकास अनुसंन्धान केन्द्र, सहकारी बैंक, कन्सलटान्सी दर्ता, अर्डर सप्लायर्स ५ लाख सम्म | ३००० |
| निर्माण सामाग्री वा हार्डवेयर थोक बिक्रेता, लेखा परिक्षक क वर्ग, मिनिरल वाटर उद्योग, केबल नेटबर्किङ, | ४००० |
| ग्रामेन्ट उद्योग, कोईला बाहेकका खानी उद्योग, कोईला डिपो उद्योग, वायु सौर्य उर्जा, प्राकृतिक तेल, कोईला, बायो ग्यास आदिबाट उर्जा पैदा गर्ने उद्योग, होटेल क श्रेणी एसी एटच बाथरुम तालिम हल, टिभिको सुविधा युक्त होटेल, व्यवसायमूलक टावर संचालन (विद्युत, टेलिकम, हेल्लो, युटियल) टावर निर्माण १० फिट सम्म, लघु वित्त कारोवार, रु ५० लाख भन्दा माथि सहकारी ऋण बचत र परिचालन, निजी अस्पताल, नर्सिङ होम, पोलि क्लिनिक, डेन्टल अस्पताल, डिलर तथा थोक औषधी पसल, वैदेशिक रोजगार सेवा प्रदायक, हाउजिङ कम्पनी तथा घर जग्गा खरिद बिक्री बडि विल्डर्स, मोटर साईकल डिलर, अर्डर एण्ड सप्लायर्स १० देखि १५ लाख, | ५००० |
| अर्डर एण्ड सप्लायर्स १५ लाख बढि | ७००० |
| प्राकृतिक श्रोत उपयोग शुल्क | ८००० |
| सुनचांदी थोक बिक्रेता, जलश्रोतबाट उर्जा उत्पादन गर्ने उद्योग, निजी क्षेत्रबाट संचालित, टेलिफोन कम्पनी शाखा समेत, व्यवसायमूलक टावर संचालन (विद्युत, टेलिकम, हेल्लो, युटियल) टावर निर्माण ११ देखि २० फिट, ग वर्गका वित्तिय कम्पनी, गाडिको डिलर चार पाङ्ग्रे गाडि, आयल निगम डिलर्स पेट्रोल वा डिजल पम्प | १०००० |
| व्यवसायमूलक टावर संचालन (विद्युत, टेलिकम, हेल्लो, युटियल) टावर निर्माण २१ देखि ३० फिट, ख वर्गका विकास बैंक, | १५००० |
| व्यवसायमूलक टावर संचालन (विद्युत, टेलिकम, हेल्लो, युटियल) टावर निर्माण ३१ देखि ४० फिट | २०००० |
| क वर्गका वाणिज्य बैंक, व्यवसायमूलक टावर संचालन (विद्युत, टेलिकम, हेल्लो, युटियल) टावर निर्माण ४१ देखि ५० फिट,<br><br>निर्माण व्यवसायन नगरपालिका प्रधान कार्यालय भएको नयां फर्म दर्ता, हाउजिङ कम्पनी तथा घर जग्गा खरिद बिक्री ५ रोपनी भन्दा माथि | २५००० |

| **व्यवसायको विवरण** | **दर(रु) मा** |
|---|---|
| व्यवसायमूलक टावर संचालन (विद्युत, टेलिकम, हेल्लो, युटियल) टावर निर्माण ५१ सा सो माथि | ३५००० |

## अनूसुची २ : व्यवसाय कर तयको नमूना

| | | वार्षिक कर | | |
|---|---|---|---|---|
| **क.सं.** | **व्यवसायको किसिम** | **क बर्ग** | **ख बर्ग** | **ग बर्ग** |
| | **ब्यापारिक वस्तु** | **… करोड भन्दा बढी कारोवा भएका व्यवसाय वा डिलर** | **… लाख देखि … करोड कारोवार भएका** | **…. लाख भन्दा कम कारोवार भएका** |
| १.१ | डिपार्टमेन्ट स्टोर | | | |
| १.२ | ज्वलरी, इलेक्ट्रोनिक्स आदि | | | |
| १.३ | निर्माण सामग्री, फर्निसिङ्ग, विद्युतिय सामग्री, पेन्ट आदि इटा वालुवा डिपो, पेट्रोलियम पदार्थ | | | |
| १.४ | सवारी साधन, मेसिनरी तथा मेसिनरी पार्टस्, लुब्रीकेन्टस आदि | | | |
| १.५ | सवै किसिमका औषधि पसल | | | |
| १.६ | दैनिक उपभोग्य खाद्य पदार्थ, कपडा, कस्टमेटिक, भाँडा, जुत्ता पसल आदि | | | |
| १.७ | क्युरियो, स्टेशसनरी तथा पुस्तक पसल | | | |
| १.८ | फलफुल, सागसब्जी, मासु | | | |
| १.९ | अन्य ब्यापारिक वस्तु | | | |
| २. विषेशज्ञ सेवा संस्थागत तथा ब्यक्तिगत | | | | |
| २.१ | चिकित्सक र इन्जिनियर | | | |
| २.२ | सेयर दलाल, कानून व्यवसाय, लेखापढी, विज्ञापन, लेखापरिक्षक, मेनपावर सप्लायर्स, पेन्टर, सर्भेयर, काफ्टिङ्ग, कार्भिङ्ग आदि | | | |
| २.३ | अनुसंधान, सर्भेयर, अनुवादक आदि | | | |
| २.४ | विषेशज्ञ सेवा संस्थागत ब्यक्तिगत | | | |
| ३ | सेवा ब्यवसाय ठूला मझौला साना | | | |
| ३.१ | निर्माण ब्यवसाय | | | |
| ३.२ | ढुवानी सेवा | | | |
| ३.३ | यातायात सेवा | | | |
| ३.४ | ब्युटि पार्लर, मसाज, शैलुन, पेन्टिङ्ग आदि | | | |
| ३.५ | पार्टि प्यालेस, टेन्ट हाउस, क्याटरिङ्ग आदि | | | |
| ३.६ | केवल, इन्टरनेट, एफएम, रेडियो, कम्युनिकेशन, फोटो आदि | | | |

| | | वार्षिक कर | | |
|---|---|---|---|---|
| **क.सं.** | **व्यवसायको किसिम** | **क बर्ग** | **ख बर्ग** | **ग बर्ग** |
| | **ब्यापारिक वस्तु** | **… करोड भन्दा बढी कारोवा भएका व्यवसाय वा डिलर** | **… लाख देखि … करोड कारोवार भएका** | **…. लाख भन्दा कम कारोवार भएका** |
| ३.७ | रेस्टुरा, खाजा घर, मिठाई पसल, दुध दही पसल आदि | | | |
| ३.८ | मर्मत तथा सिलाई कटाई सेवा | | | |
| ३.९ | रियल स्टेट | | | |
| ३.१० | पुल हाउस, जिम, साउना आदि | | | |
| ३.११ | अन्य सेवा | | | |
| **४. उद्योग** | | | | |
| ४.१ | स्थानीय कच्चा पदार्थ उपयोग गरि संचालित इटा उद्योग पानी उद्योग | | | |
| ४.२ | वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग | | | |
| ४.३ | पर्यटन मुलक उद्योग ( होटल, लज, रिसोर्ट, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, स्कीङ्ग, ग्लाईडिङ्ग आदि) | | | |
| ४.४ | उत्पादन मूलक उद्योग ( छापाखाना, चलचित्र, प्लाई उड, ह्युमपाईप, प्यानल, ग्रील, ब्लक, काजग, काठ, प्लास्टीक, औषधी आदि) | | | |
| ४.५ | कृषिमा आधारित उद्योग (चामल मिल, विस्कुट, वेकरी, पोल्ट्री, डेरी, शित भण्डार, दाना आदि) | | | |
| ४.६ | अन्य उद्योग | | | |
| **५ वित्तिय सेवा** | | | | |
| ५.१ | बैंक, विकास बैंक/फाईनान्स र लघुवित्त संस्थाको मुख्य कार्यालय | | | |
| ५.२ | बैंक, विकास बैंक/फाईनान्स र लधुवित्त संस्थाको शाखा कार्यालय | | | |
| ५.३ | विमा कम्पनी, सहकारी र मुद्रा सटही | | | |
| **६. स्वास्थ्य सेवा** | | | | |
| ६.१ | निजी क्षेत्रवाट संचालित नर्सिङ्ग होम तथा अस्पताल | | | |
| ६.२ | क्लिनिक तथा ल्याव, फिजियोथेरापी | | | |
| ६.३ | अन्य स्वास्थ्य सेवा | | | |
| ७ शिक्षा सेवा उच्च शिक्षा माध्यमिक तह आधारभूत तह | | | | |

| | | वार्षिक कर | | |
|---|---|---|---|---|
| **क.सं.** | **व्यवसायको किसिम** | **क बर्ग** | **ख बर्ग** | **ग बर्ग** |
| | **व्यापारिक वस्तु** | **... करोड भन्दा बढी कारोवा भएका व्यवसाय वा डिलर** | **... लाख देखि ... करोड कारोवार भएका** | **.... लाख भन्दा कम कारोवार भएका** |
| ७.१ | संस्थागत विद्यालय | | | |
| ७.२ | भाषा प्रशिक्षण | | | |
| ७.३ | तालिम केन्द्र तथा अन्य शैक्षिक सेवा | | | |
| | ८ माथि नपरेका अन्य | | | |